**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने, मुटु र मिर्गौलाले काम नगर्ने, अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं, चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं, जंगफुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं, धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं, रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं, प्रशोधित खानाहरु नखाऔं, तनाब व्यवस्थापन गरौं, नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७८ | काठमाडौं | बुधबार, १२ कात्तिक २०८२ | Prabhab National Daily | Wednesday, 29 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## हिमाली क्षेत्रमा हिमपात पर्यटकसँगै जनजीवन प्रभावित



**मनाङमा भारी हिमपात भएपछि मंगलबार पदमार्गमा फसेका पर्यटकको उद्धार गर्दै सुरक्षाकर्मी ।** *तस्बिरः रासस*

- मनाङ, मुस्ताङ, गोरखा, म्याग्दी, सोलुखुम्बु, हुम्ला, मुगु, डोल्पा, रसुवा, सिन्धुपाल्चोक र दोलखालगायत हिमाली जिल्लामा मंगलबार बिहानैबाट हिमपात
- पश्चिमी वायुका साथै अरब सागरबाट उत्पन्न न्यून चापीय प्रणालीका कारण मौसम बदली हुँदा मनाङ र मुस्ताङमा मंगलबार भारी वर्षा
- बंगालको खाडीमा विकसित चक्रवात 'मोन्था'का कारण आउँदो बिहीबारदेखि शनिबारसम्म नेपालको बागमती, मधेस र कोशी प्रदेशको मौसम प्रभावित हुने अनुमान
- मुख्य पर्यटकीययाम मौसममा बदली आउँदा पर्यटकीय गतिविधि प्रभावित

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मंगलबार बिहानैबाट देशभरका हिमाली क्षेत्रमा हिमपात भएको छ । अकस्मात हिमपात हुँदा मनाङ, मुस्ताङ, सोलुखुम्बु, म्याग्दी, गोरखालगायतका जिल्लामा पुगेका पर्यटकहरूसँगै स्थानीय जनजीवन प्रभावित बनेका छन् ।

कतिपय हिउँमा फसेकाले सुरक्षाकर्मी उद्धारमा लागेको जानकारी दिइएको छ । मनाङको तिलिचो बेस क्याम्पमा अलपत्र ७५० जनालाई सुरक्षाकर्मीले मंगलबार दिउँसो उद्धार गरी डिस्याङ गाउँपालिका-९ स्थित खाङसार ल्याएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

पश्चिमी वायुका साथै अरब सागरबाट उत्पन्न न्यून चापीय प्रणालीका कारण मौसम बदली हुँदा मनाङ र मुस्ताङमा मंगलबार भारी वर्षासमेत भएको थियो । जल तथा मौसम विज्ञान विभागका अनुसार मनाङको चामेमा गएको २४ घण्टामा ६४.४ मिलिमिटर वर्षा भयो । त्यसैगरी मुस्ताङको जोमसोममा ५१.२ मिलिमिटर वर्षा भएको छ । पचास मिलिमिटरदेखि १०० मिलिमिटरसम्मको वर्षालाई भारी वर्षामा मापन गर्ने गरिन्छ ।

यता सगरमाथा क्षेत्रमा पनि भारी हिमपात भएको छ । सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाका अनुसार यो क्षेत्रमा हिमपात र वर्षाका कारण पर्यटक बाहिर निस्कन पाएका छैनन् । 'दिङ्बोचेभन्दा माथि बाक्लो हिउँ परेको छ, तल्लो क्षेत्रमा वर्षा भइरहेको छ, पर्यटकहरू सबै होटलभित्रै छन् । बाहिर निस्कन सम्भव छैन,' अध्यक्ष लामाले भने । हाल यस क्षेत्रमा करिब तीन हजारभन्दा बढी विदेशी पर्यटक रहेको अनुमान छ ।

मुस्ताङमा पनि हिमपात भएको छ । कोरलानाका, लोमान्थाङ गाउँपालिकासहित मुक्तिनाथ क्षेत्रमा हिमपात भएको हो । मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालका अनुसार उपल्लो मुस्ताङको लोमान्थाङ-२ छोसर, कोरलानाका र मुक्तिनाथ क्षेत्रसहित उपल्लो मुस्ताङ र तल्लो मुस्ताङका उच्च लेकहरूमा वर्षासहित हिमपात भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## विदेशमा रहेका नेपालीलाई मतदान अधिकार दिन कानुन संशोधन गरिँदै

- प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन र निर्वाचन कसुर तथा सजाय ऐन संशोधन गर्ने प्रक्रियामा
- संशोधन मस्यौदा गृहबाट निर्वाचन आयोग पुग्यो
- विदेशस्थित नेपालीलाई मतदान अधिकार दिने गृहकार्यमा सरकार
- विदेशमा २२ लाख नेपाली रहेको आकडा



*एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

■ **जेबी योञ्जन**

**काठमाडौं–** सर्वोच्च अदालतले आठ वर्षअघि दिएको एउटा निर्देशनात्मक आदेशअनुसार सरकारले बल्ल विदेशमा रहेका नेपालीहरूलाई मताधिकार दिन कानुन संशोधनको प्रक्रिया अघि बढाएको छ । समानुपातिक निर्वाचन प्रणालीमा विदेशस्थित नेपालीहरूको सहभागिता निश्चित गर्नेगरी निर्वाचनसम्बन्धी प्रचलित कानुनहरूमा संशोधन प्रक्रिया थालेको हो ।

गृह मन्त्रालयका कानुन महाशाखा प्रमुख भरतमणि रिजालका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, निर्वाचन आयोग ऐन, मतदाता नामावली ऐन र निर्वाचन कसुर तथा सजाय ऐन संशोधन गर्न लागिएको हो । ती ऐनहरूको संशोधन गर्न तयार गरिएको मस्यौदा निर्वाचन आयोगमा सुझावका लागि पठाएको रिजालले बताए ।

'विदेशमा रहेका नेपालीहरूलाई निर्वाचनमा मतदान गर्न जे-जे कानुनी अड्चन छन्, त्यसलाई फुकाउन आवश्यक संशोधन गर्नुपर्ने छ र संशोधनको मस्यौदा निर्वाचन आयोगमा पठाइसक्यौं,' उनले प्रभावसँग भने । जेन-जी विद्रोहपछि प्रतिनिधिसभा विघटन गरिएको हुँदा निर्वाचनसम्बन्धी कानुनहरूमा संशोधन गर्न अध्यादेश जारी गर्ने तयारीमा सरकार छ । अध्यादेशमार्फत कानुन संशोधन गरेपछि विदेशस्थित नेपालीले मतदान गर्न पाउने छन् ।

संशोधित कानुनमा विदेशस्थित नेपाली नागरिकले मतदान गर्न मतदाता नामावलीमा नाम हुनुपर्ने प्रावधान राख्न लागिएको हो । त्यस्ता मतदाताले आफू रहेको देश पनि उल्लेख गर्नुपर्ने व्यवस्था कानुनमा राखिने भएको छ । निर्वाचनका लागि विदेशस्थित कूटनीतिक नियोग र अन्य निकायको सहयोग लिन सक्ने व्यवस्था पनि थप गर्न लागिएको रिजालले बताए ।

हाल ४३ देशमा नेपाली कूटनीतिक नियोग छन् । नियोगकै सहयोगमा मतदाता नामावलीमा नाम भएका विदेशस्थित नेपालीले मतदान गर्न पाउने छन् । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे यसबारे गृह मन्त्रालयसँग छलफल भइरहेको बताउँछन् । गृहले पठाएको मस्यौदाबारे पनि छलफल भइरहेको उनको भनाइ छ ।

'गृहले पठाएको मस्यौदाबारे छलफल जारी छ । विदेशमा रहेका नेपालीलाई कसरी निर्वाचनमा सहभागी गराउन सकिन्छ भनेर छलफलमै छौं,' उनले भने । २०७८ सालको जनगणनाअनुसार विदेशमा २२ लाख नेपाली छन् । कूटनीति, रोजगार, शिक्षा र व्यापारमा उनीहरू संलग्न छन् । उनीहरूले लामो समयदेखि मतदानको अधिकार माग गर्दै आएका छन् । विदेशमा कमाएको नोट चल्ने तर भोट किन नचल्ने ? उनीहरूको प्रश्न छ ।

यस्तोमा सर्वोच्च अदालतमा विदेशस्थित नेपालीलाई पनि मतदान अधिकारको माग गर्दै एउटा रिट पर्‍यो । रिटको सुनुवाइ सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय सपना प्रधान मल्ल र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले ७ चैत २०७४ मा गर्दै विदेशस्थित नेपालीलाई विदेशमै मतदान अधिकार सुनिश्चित गर्न निर्देशनात्मक आदेश दियो । आदेशमा भनिएको थियो, 'अब हुने निर्वाचनहरूमा विदेशमा रहेका नेपाली नागरिकले भाग लिन पाउने सार्थक अवस्था सिर्जना गर्न आवश्यक स्रोत सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनका लागि आवश्यक तयारी गरी मतदान गर्न सक्नेसम्मका अवस्था सुनिश्चित गर्न आवश्यक र उपयुक्त पहल गर्नू गराउनू ।'

⏭ क्रमशः पृष्ठ २ मा



विदेशमा रहेका नेपालीहरूलाई निर्वाचनमा मतदान गर्न जे-जे कानुनी अड्चन छन्, त्यसलाई फुकाउन आवश्यक संशोधन गर्नुपर्ने छ र संशोधनको मस्यौदा निर्वाचन आयोगमा पठाइसक्यौं ।

■ **भरतमणि रिजाल**
कानुन महाशाखा प्रमुख, गृह मन्त्रालय



गृह मन्त्रालयले पठाएको मस्यौदाबारे छलफल जारी छ । विदेशमा रहेका नेपालीलाई कसरी निर्वाचनमा सहभागी गराउन सकिन्छ भनेर छलफलमै छौं ।

■ **सुमन घिमिरे**
सूचना अधिकारी, निर्वाचन आयोग

**सन्दर्भः वैदेशिक रोजगार**

### मलेसिया रोजगारीमा 'सिण्डिकेट'को संकेत

## सीमित म्यानपावर कम्पनीलेमात्रै कामदार पठाउन पाउनेगरी तोकियो मापदण्ड

MINISTRY OF FOREIGN AFFAIRS MALAYSIA

■ **ममता थापा**

**काठमाडौं–** मलेसिया सरकारले नेपालबाट श्रमिक पठाउने म्यानपावर कम्पनी छनोटका लागि १० वटा मापदण्ड तोकेको छ । मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाल दूतावासलाई पत्र लेख्दै उक्त मापदण्ड पूरा गर्ने एजेन्सीलाई मात्रै कामदार भर्ती प्रयोजनका लागि छनोट गरिने जानकारी गराएको हो ।

मलेसिया सरकारको यो कदमले एकाधिकार 'सिण्डकेट' लागू हुने प्रस्ट संकेत गरेको छ । किनभने, तोकिएको मापदण्ड कार्यान्वयनमा आए सीमित म्यानपावर कम्पनीले मात्र त्यहाँ कामदार पठाउन पाउने छन् ।

यसअघि वैदेशिक रोजगार व्यवसायीहरूले मलेसिया रोजगारीमा सिण्डिकेड लागू गर्ने चलखेल भइरहेको भन्दै आवाज उठाउँदै आएका थिए । त्यसलाई पुष्टि गर्ने गरी मलेसिया सरकारबाट पछिल्लो कदम चालिएको हो । पत्रमा मलेसिया कामदार पठाउन पाउने संस्थाहरू मानव संसाधन मन्त्रालयद्वारा सार्वजनिक गरिएको जाँच प्रक्रियामार्फत छनोट गरिने उल्लेख छ । जसमा १० वटा मापदण्डहरू अनिवार्य पूरा गर्नुपर्ने जनाइएको छ ।

मलेसियाले नेपाल सरकारसँग उपयुक्त मापदण्डहरूसँग मेल खाने निजी भर्ती एजेन्सीहरूको सूची मानव संसाधन मन्त्रालयमा समीक्षा र जाँचका लागि १५ नोभेम्बर २०२५ भित्र पेस गर्नसमेत भनेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### यस्ता छन् १० मापदण्ड

श्रमिक पठाउन छनोट हुने बंगलादेश, भारत, नेपाल, पाकिस्तान र म्यानमारका संस्थाले आधिकारिक निकायबाट न्यूनतम पाँच वर्षको सञ्चालन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने भनिएको छ । दोस्रोमा, विगत तीन वर्षमा कम्तीमा तीन हजार कामदार पठाएको हुनुपर्ने भनिएको छ ।

तेस्रोमा, कम्तीमा तीन गन्तव्य देशमा कामदार पठाएको अनुभव भएको हुनुपर्ने जनाइएको छ । चौथोमा, सम्बन्धित सरकारी निकायहरूबाट जारी सबै वैध अनुमतिपत्रहरू प्राप्त भएको हुनुपर्ने उल्लेख गरिएको छ । जसमा प्रशिक्षण, मूल्यांकन, भर्ती र कामदारको परिनियोजनका लागि अनुमति पत्रहरू पनि समावेश छन् ।

पाँचौंमा, इजाजतप्राप्त संस्थाले स्रोत देशका सम्बन्धित निकायहरूले जारी गरेको असल आचरणको प्रमाणपत्र लिएको हुनुपर्ने छ । छैटौंमा, कामदार पठाउने संस्थाको जबरजस्ती श्रम, मानव तस्करी, श्रम कानुन उल्लंघन, बलात्कार, मनी लण्ड्रिङ वा अन्य कुनै वित्तीय अपराध गतिविधिमा संलग्न भएको रेकर्ड हुन नहुने भनिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## असंगठित जेन-जी र दलसँग छलफलमा प्रधानमन्त्री

- पहिलोपटक प्रधानमन्त्री सुशीला कार्की जेन-जी र दलसँग संयुक्त छलफल गर्दै
- छलफलको एजेण्डा चुनावी वातावरण बनाउने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहपछि आवरणमा २५ वटा जेन-जी समूह देखिएका छन् । सुरक्षा निकायहरूले सरकारलाई बुझाएको एक प्रतिवेदनअनुसार यी समूहहरूले राजनीतिक र गैरराजनीतिक दुवै गतिविधि गर्दै आएका छन् ।

यति धेरै समूहमा रहेका जेन-जीहरू कहिले प्रधानमन्त्री कार्यालय त कहिले प्रधानमन्त्रीनिवास बालुवाटार पुग्छन् । प्रधानमन्त्री सुशीला कार्कीसामु अनेक माग राख्छन्, दबाब दिन्छन् र फर्किन्छन् ।

मंगलबार पनि प्रधानमन्त्री कार्कीसँग एउटा जेन-जी समूहका नौ जना अगुवाहरूले सिंहदरबारमा भेट गरे । भेट गर्नेहरू जेन-जी युनाइटेमा संगठित छन्, जुन समूहले शनिबार माइतीघरमा प्रदर्शन गरेको थियो । प्रदर्शनका क्रममा थुप्रै प्रदर्शनकारी पक्राउ परे । उनीहरूकै अगुवाहरूले मंगलबार प्रधानमन्त्री कार्कीलाई भेटे । भेटका क्रममा प्रधानमन्त्री कार्कीले जेन-जी समूहहरूलाई एकताबद्ध हुन आग्रह गरेको भेटमा सहभागी सदीक्षा राईले बताइन् ।

'हामीले प्रधानमन्त्री र गृहमन्त्रीज्यूलाई भेटचौं । हाम्रा मागहरू राख्यौं,' उनले सञ्चारकर्मीहरूसँग भनिन्, 'पोजिटिभ रेस्पोन्स आएको छ र उहाँहरूले एकताबद्ध हुनु, सहयोग गर्छौं भन्नुभएको छ ।'

गत २३ र २४ भदौको जेन-जी विद्रोहपछि अनेक नामका जेन-जी समूह देखापरेका छन् । आगामी २१ फागुनका लागि घोषणा भएको प्रतिनिधिसभा निर्वाचनबारे पनि एक मत छैनन् । चुनावी माहोल बनाउन यी कुनै पनि जेन-जी समूहहरूको भूमिका देखिएको छैन । जबकि, कार्की सरकारको मूल म्याण्डेट भनेकै निर्वाचन सम्पन्न गर्नु हो ।

⏭ क्रमशः पृष्ठ २ मा

# जाडो छल्न नेपाल आइपुगे पर्यटक चरा

**बेलबारी (मोरङ)–** जाडो छल्न विगतमाझैँ यस वर्ष पनि पर्यटक चरा नेपाल आइपुगेका छन् । उत्तरी ध्रुवमा हिमपातको सुरूआतसँगै हिउँदेयामको बढ्दो जाडो छल्न त्यहाँका कतिपय चरा नेपालको तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा ताल, तलैया र नदी आसपासमा सयौं प्रजातिका चरा नेपाल आइपुगेका छन् ।

विगतका विवरण हेर्दा असोज दोस्रो सातादेखि यहाँ आउन थालेका पर्यटक चरा करिब छ महिना नेपाल रहने र त्यसपछि फर्कने चिनियाँ विज्ञान प्रतिष्ठानका उपप्राध्यापक एवं चरा अनुसन्धानकर्ता डा. हेमबहादुर कटुवालले बताए । 'बर्सेनि करिब १५० प्रजातिका चरा रुस, कीर्गिस्तान, तुर्किमिनिस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मंगोलियाका साथै युरोप, तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेका छन् । त्यसमध्ये केही प्रजातिका चरा नेपालको बाटो हुँदै दक्षिण भारतसम्म जाने गर्दछन्,' उनले भने ।

नेपाललाई आकर्षक र सुरक्षित गन्तव्य मानेर आउने पर्यटक चरा विगतका वर्षमाभन्दा घट्दो क्रममा रहेकाले बासस्थान सुरक्षित र व्यवस्थित गर्न सबै सरोकार भएका निकाय लाग्नुपर्नेमा उपप्रध्यापक कटुवालले जोड दिए । उनका अनुसार सुनसरी, सप्तरी र उदयपुरको संगमस्थलमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्षमा चराको बासस्थान मानिन्छ ।

कोशीटप्पुमा बर्सेनि नयाँ-नयाँ प्रजातिका चरा आउनेक्रम थपिए पनि विगतका वर्षमाझैँ झुण्डझुण्डमा आउने चराको संख्यामा भने कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए । उनका अनुसार विशेषगरी जाडो छल्न र बच्चा कोरल्न पाहुना चराको आकर्षक गन्तव्य नेपाल बन्ने गरेको छ । हजारौंको संख्यामा आउने बार हेडेड गुस (खोया हाँस) को संख्या भने पछिल्लो समय घट्दै गएको उनको भनाइ छ ।

जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी ताल, जगदिशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा प्रायः रहने प्रमुख गौतमले जानकारी दिए ।

उनका अनुसार जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् । खाया हाँस, सुनजुरे हाँस, कैलो टाउके हाँस, मादक हाँस, खडखडे हाँस, हरियो टाउके हाँस, लक्ष्मण सारस, कन्याङकुरुङ सारस, राजहुटिटचाउलगायत चरा यहाँ आउने उनले जानकारी दिए । अन्य प्रजातिमा सिकारी तथा मांशहारी चरामा गोमायु महाचिल र श्येनबाज पर्दछन् भने थलचर चरामा हिमाली भद्राइ, चाँचर, साना फिस्टा, अर्जुनक, झचाप्सी, बगाले बगेडीलगायत पर्दछन् ।

'गर्मीयाममा आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले आफ्नो गुँड बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ,' प्रमुख गौतमले भने ।

नेपाल आउने अन्य चरामा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउकेलगायत रहेका उनले जानकारी दिए । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान वन, आसपासका घाँसे मैदान, कृषि भूमिलगायत क्षेत्र हुने कोशी संरक्षण केन्द्रका प्रमुख गौतमले उल्लेख गरे । *रासस*

पृष्ठ १ बाट क्रमशः

## विदेशमा रहेका...

निर्देशनात्मक आदेशको साढे पाँच वर्षपछि बल्ल १८ असोज २०८० मा निर्वाचन आयोगले विदेशस्थित नेपाली नागरिकको मताधिकार निश्चित गर्न निर्वाचनसम्बन्धी ऐनको एकीकृत मस्यौदा गृह मन्त्रालयमा पठाएको थियो । तर, गृहले मस्यौदा अघि बढाएन । अर्थात्, विदेशस्थित नेपालीलाई मतदानको अधिकार दिन नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र तयार भएनन् । यी दलहरूबाट प्रधानमन्त्री भएका शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल विदेशस्थित नेपालीलाई निर्वाचनमा सहभागी गराउने मामिलामा अनुदार देखिए ।

यतिबेला भने गृहले नै मस्यौदा तयार गरी निर्वाचन आयोगमा पठाएको हो । आयोगले सुझावसहित मस्यौदा गृहमै पठाएपछि गृहले मन्त्रिपरिषद् बैठकमा अध्यादेशको रूपमा लानुपर्छ । मन्त्रिपरिषद्ले अध्यादेश स्वीकृत गरेपछि राष्ट्रपतिले जारी गर्ने प्रावधान छ । निर्वाचन आयोगले विदेशस्थित नेपालीलाई मताधिकार दिँदा मतदानको तीन विकल्प प्रस्ताव गरेको छ । ती विकल्पमा अग्रिम मतदान, कूटनीतिक नियोगमा मतदान र अनलाइन मतदान रहेका छन् । यीमध्ये कुन विकल्प अपनाउने भन्ने कानुन संशोधन नहुँदा आयोग टुंगोमा पुगेको छैन ।

आयोगले यसअघि पहिलो चरणमा नेपालीहरू अधिक रहेका खाडी देशहरू कतार, मलेसिया, दुबईमा मतदाता नामावली संकलन गर्ने तयारी गरेको थियो । निर्वाचन कानुनहरूमा संशोधन भए संकलन कार्य अघि बढ्ने जानकारी दिइएको छ । तर, कतै विदेशस्थित नेपालीलाई मतदान अधिकार दिँदा दुरूपयोग हुने त होइन ? संशय पनि उत्तिकै छ । दोहोरो नागरिकताधारीले दुरूपयोग गर्न सक्ने चिन्ता सरकारलाई छ ।

## हिमाली क्षेत्रमा...

जिल्ला प्रशासन कार्यालयले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीदेखि माथि मुक्तिनाथसम्मको यात्रा नगर्न अनुरोध गरेको छ । उक्त सडकमा बाक्लो हिमपात भएका कारण सडक दुर्घटनाको जोखिम रहेको उल्लेख गर्दै मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीहरूलाई यस्तो आग्रह गरिएको हो । जोमसोम-मुक्तिनाथ सडकखण्डअन्तर्गत कागबेनीदेखी साँघुरो र घुम्ती मोड भएको कालोपत्र सडकमा बाक्लो हिउँ जमेका कारण सवारीसाधन लिएर मुक्तिनाथको यात्रा नगर्न अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक छिरिङकिप्पा लामाले जानकारी दिए ।

अन्नपूर्ण बेस क्याम्प रहेको म्याग्दीमा पनि हल्का वर्षासहित हिमपात भएपछि भएको छ । हिमपातका कारण घुम्न आएका पर्यटक बास बसेकै ठाउँमा रोकिएका मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ का वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । 'सडक र पदमार्गमा हिउँ जमेर यातायात सञ्चालन तथा पैदलयात्रा गर्न सक्ने अवस्था छैन,' गुरुङले भने । म्याग्दीको अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड ताल, घोडेपानी, खोप्रालेक, मोहरेडाँडा, कोखेडाँडाका भ्रमणमा गएका पर्यटक पनि वर्षा र हिमपातका कारण प्रभावित भएका छन् ।

यता गोरखाका विभिन्न गाउँमा हिमपात भएको छ । चुमनुब्री गाउँपालिकाका विभिन्न गाउँबस्तीमा सोमबार रातिदेखि हिमपात भइरहेको त्यहाँका स्थानीयले जानकारी दिएका छन् । मौसम विभागका अनुसार हुम्ला, मुगु, डोल्पा, रसुवा, सिन्धुपाल्चोक र दोलखामा पनि हिमपात भइरहेको छ ।

### २५ हजारभन्दा बढी पर्यटक प्रभावित

हिमपातका कारण २५ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक प्रभावित भएको ट्रेकिङ एजेन्सिज एसोसिएसन आफ नेपाल (टान)ले जानकारी दिएको छ । तिहार बिदामा मनाङ, मुस्ताङ, अन्नपूर्ण बेसक्याम्प, सगरमाथा बेस क्याम्प घुम्न पुगेकाहरू प्रभावित बनेका हुन् ।

अहिले मौसम सुधारको संकेत नदेखिएकोले तत्काल घुम्न निस्कने योजना नबनाउन टानले आग्रह गरेको छ । टानका अध्यक्ष सागर पाण्डेले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'मौसममा सुधार नआउञ्जेलसम्म उच्च हिमाली क्षेत्र तथा उच्च पास भएर जाने सम्पूर्ण पदमार्गहरूमा हुने पदयात्राहरू नगर्न/नगराउन, पदयात्री, आरोहण दलका सदस्यहरू तथा सहयोगी टोलीका सदस्यहरूलाई सुरक्षित स्थानमा राख्न, आवश्यकता परेमा उद्धारलगायतका कार्यको समन्वय गर्न र मौसम पूर्वानुमानसम्बन्धी तथ्यांकहरूको अध्ययन गरेर मात्र थप कदमहरू चाल्नका लागि सम्पूर्ण ट्रेकिङ एजेन्सी तथा गाइडहरूमा हार्दिक अनुरोध गर्दछौं ।'

मुख्य पर्यटकीययाम मौसममा बदली आउँदा गण्डकी प्रदेशका मुस्ताङ, मनाङ, कास्की, म्याग्दी, गोरखालगायत जिल्लामा पर्यटकीय गतिविधि प्रभावित बनेको छ । नौ जना अमेरिकी नागरिकसहित अन्नपूर्ण चक्रिय पदमार्गको यात्रामा रहेका पर्यटन पथप्रदर्शक दिवस गुरुङले वर्षा र हिमपातले पदयात्रामा कठिनाइ थपेको बताएका छन् । 'मनाङमा पनि भारी वर्षा र हिमपात भइरहेकाले मौसम हेरेर मात्र हामी अगाडि बढ्छौं । मौसमको प्रतिकूलताका कारण पदयात्राको अवधि केही लम्बिन सक्छ,' उनले भने ।

स्वच्छ र शान्त वातावरणमा हिमाली र पहाडी भेगको सौन्दर्य नियाल्न आन्तरिक तथा बाह्य पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रलगायत विभिन्न गन्तव्यस्थलको भ्रमणमा जाने याम हो यो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा. रवीन कडरियाले मौसम प्रतिकूल हुँदा पर्यटन क्षेत्र प्रभावित बनेको बताए । 'तिहारलगत्तै मुस्ताङ, मनाङलगायत ठाउँमा पर्यटकको चहलपहल बढेको थियो, यहीबेला मौसम बिग्रिँदा पर्यटक आवागमन प्रभावित हुन पुगेको छ,' कडरियाले भने ।

नेपाल पर्यटन बोर्डले पनि मौसम पूर्वानुमान महाशाखाको सूचनालाई ध्यान दिँदै सतर्कता अपनाउन आग्रह गरेको छ । मंगलबार बिहान एक विज्ञप्ति जारी गर्दै हिमाली क्षेत्रमा तत्काल भ्रमणको योजना नबनाउन आग्रह गरेको हो । वर्षा र हिमपातका कारण जोखिम निम्तन सक्ने भन्दै मुस्ताङ, म्याग्दी, कास्कीलगायत जिल्लामा स्थानीय प्रशासनले जोखिमयुक्त ठाउँमा पदयात्रामा नजान आग्रह गरेका छन् । जिल्ला प्रशासन कार्यालय कास्कीले मंगलबार सार्वजनिक सूचनामार्फत प्रतिकूल मौसमका कारण उत्पन्न हुने जोखिम र लेक लाग्न सक्ने समस्यालाई दृष्टिगत गरी अन्नपूर्ण आधारशिविर, मर्दी हिमाल, खुमैडाँडा, कोरीलगायतका ठाउँमा मौसम सफा नभएसम्म पदयात्रामा नजान आग्रह गरेको हो ।

पदयात्रामा जाँदा एक्लै नगई समूहमा जान र हतार नगरी विस्तारै उचाइतर्फ जान आग्रह गरिएको छ । पदयात्रा गर्दा पञ्जा, टोपी, ज्याकेटलगायत न्यानो कपडा, तातोपानीसहितको थर्मस, लेक लाग्दा प्रयोग गरिने औषधि साथमा लिन अनुरोध गरिएको छ । पर्याप्त मात्रामा तातोपानी, जीवनजल, झोलिलो खानेकुरा खान र धूमपान तथा मद्यपान नगर्न कार्यालयले सूचनामार्फत आग्रह गरेको छ ।

मोन्थाका कारण भारी वर्षाको सम्भवाना

बंगालको खाडीमा विकसित चक्रवात 'मोन्था' का कारण आउँदो बिहीबारदेखि शनिबारसम्म नेपालको बागमती, मधेस र कोशी प्रदेशको मौसम प्रभावित हुने अनुमान गरिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त प्रणालीको प्रभावले मधेस र कोशी प्रदेशका धेरै स्थानमा तथा बागमती प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको छ । मधेस र कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको विभागले पूर्वानुमान गरेको छ । साथै गण्डकी र लुम्बिनी प्रदेशका पूर्वी भू-भागका थोरै स्थानहरूमा हल्का वर्षाको सम्भावना औंल्याइएको छ ।

उक्त प्रणाली सक्रिय भएसँगै कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा मध्यम हिमपातकोसमेत सम्भावना रहेको विभागकी प्रवक्ता विभूति पोखरेलले जानकारी दिइन् । यस्तै कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा भने भारी हिमपातको सम्भावना रहेको उनले बताइन् ।

उक्त अवधिमा बागमती, कमला, कोशी र कन्काई नदी र यी नदीका सहायक नदीहरूमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह आसपास पुग्न सक्ने देखिएको विभागले जनाएको छ । कोशी, बागमती र मधेश प्रदेशका महाभारत, चुरे भई बहने स-साना नदीनालाहरूमा आकस्मिक बहाव हुन सक्ने सम्भावना रहेको छ ।

विशेषगरी बागमती प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली, मधेश प्रदेशका बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा, सप्तरी र कोशी प्रदेशका संखुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्ला भई बहने स-साना नदीहरूमा आकस्मिक बहावको सम्भावना उच्च रहेको विभागले जनाएको छ । सम्भावित वर्षा र हिमपातको कारणले नदीनालामा आकस्मिक बहाव, पहिरोलगायत जोखिमका साथै दैनिक जनजीवन, सडक तथा हवाई यातायात, कृषि, पर्यटनलगायत क्षेत्रमासमेत प्रभाव पर्न सक्ने जनाउँदै विभागले सम्बन्धित सबै निकायहरू र आमसर्वसाधारणलाई सतर्कता अपनाउन अनुरोध छ ।

## सीमित म्यानपावर...

अधुरो आवेदन वा मापदण्ड पूरा नगर्ने आवेदनहरू स्वीकृत नगरिने जनाइएको छ । यो नीतिले दुवै राष्ट्रबीच रचनात्मक र नैतिक श्रम प्रवासन अभ्यासलाई सुदृढ पार्न महत्त्वपूर्ण योगदान दिने विश्वाससमेत पत्रमार्फत व्यक्त गरिएको छ ।

## यस्ता छन्...

यसैगरी सतौंमा, संस्थासँग आफ्नो स्वामित्वमा आवास, प्राविधिक तालिम र परिचयात्मक मोडचुलसहितका तालिम र मूल्यांकन केन्द्र भएको हुनुपर्ने भनिएको छ । आठौंमा, संस्थाले कम्तीमा पाँचवटा अन्तर्राष्ट्रिय रोजगारदाताबाट प्रशंसापत्र पाएको हुनुपर्ने भनिएको छ । नवौंमा, इजाजतप्राप्त संस्थाको न्यूनतम क्षेत्रफल १० हजार वर्गफिट क्षेत्रमा रहेको न्यूनतम तीन वर्षका लागि स्थायी सञ्चालन कार्यालय भएको हुनुपर्ने उल्लेख छ । दशौं मापदण्डमा विगतमा भएका सबै भर्ती प्रक्रियाका कागजात बुझाउनुपर्ने जसले सबै स्रोत मुलुकहरूको कानुन पालना गरेको छ, छैन भनेर प्रमाणित गर्ने जनाइएको छ ।

## असंगठित...

एकातिर जेन-जी समूह चुनावकेन्द्रित नहुनु र राजनीतिक दलहरू पनि चुनावी माहोल बनाउन नलाग्दा प्रधानमन्त्री कार्की अप्ठेरोमा परेकी छन् । नेकपा एमालेले त कार्की सरकार चुनाव गर्ने मनस्थितिमा नरहेको दाबी गर्दै आएको छ । केही राजनीतिशास्त्री र नागरिक समाजका अगुवाहरूले पनि सरकारको कार्यशैली चुनाव गर्नेतिर उन्मुख नदेखिएको टिप्पणी गर्दै आएका छन् ।

यस्तोमा प्रधानमन्त्री कार्कीले पहिलोपटक आज आफू, राजनीतिक दल र जेन-जीबीच त्रिपक्षीय बैठक आह्वान गरेकी छन् । बैठक दिउँसो ४ बजे प्रधानमन्त्रीनिवास बालुवाटारमा बस्नेगरी तय भएको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ । बैठकको मूल एजेण्डा चुनावको वातावरण बनाउने भन्ने छ । कार्कीको नेतृत्वमा सरकार गठन भएको डेढ महिना हुन लाग्यो । तर, सरकारले दलहरूसँग संवाद गरी चुनावी वातावरण बनाउन सकेको छैन । यसअघि ४ कात्तिकमा राष्ट्रपति रामचन्द्र पौडेलको सक्रियतामा प्रधानमन्त्री कार्की र राजनीतिक दलका नेताहरूबीच छलफल भएको थियो । त्यसबेला सरकारले सर्वदलीय बैठक बोलाउनुपर्ने र निर्वाचनको वातावरण बनाएर चुनावमा जाने अधिकांश दलका नेताहरूको मत थियो । तर, हालै केही जेन-जी अगुवाले भने प्रत्यक्ष निर्वाचित कार्यकारीको चुनाव नहुने भए प्रतिनिधिसभा चुनावमा सहभागी नहुने स्पष्ट पारेका छन् । जेन-जीका प्रायः सबै समूहले पहिले प्रत्यक्ष निर्वाचित कार्यकारीको निर्वाचन हुने सुनिश्चितता खोज्दै आएका छन् ।

संवैधानिक कानुनका जानकारहरूको विचारमा त्यसका लागि संविधान संशोधन गर्नुपर्छ । संशोधन भने त्यति सहज छैन । तर, यस्तो जेन-जीको अडानले सरकारलाई चुनावी वातावरण बनाउन असहयोग पुगेको छ । अर्कातिर, दलहरूले चुनावकेन्द्रित गतिविधि गरेका छैनन् । पार्टीपंक्तिलाई चुनावमा परिचालन गरेका छैनन् । समग्रमा चुनावी तयारीमा दलहरू लागेको देखिँदैन । यस्तोमा प्रधानमन्त्री कार्कीले चुनावी वातावरणकै लागि भनेर दल, जेन-जी र आफूबीच छलफल गर्न लागेकी हुन् । घोषित चुनावको मिति आउन करिब चार महिना बाँकी छ ।


**एशियन क्यापिटल लिमिटेड**

**दशौं बार्षिक साधारण सभा बस्ने सम्वन्धी सुचना**

आदरणिय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२ कार्तिक २ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गर्नका लागी कम्पनीको दशौं बार्षिक साधारण सभा बस्ने भएको हुदाँ कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरु लाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति,स्थान र समय**

मिति: २०८२/०८/०५
स्थान: कम्पनीको कार्यालय
समय: दिनको ४ बजे

**छलफलका बिषयहरु**

**(क) साधारण प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको बार्षिक प्रतिवेदनउपर छलफल गरि पारित गर्ने सम्वन्धमा ।
२. लेखापरिक्षको प्रतिवेदन सहित वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव, सोहि अवधिको नगदप्रवाह विवरण लगायत बित्तिय विवरणहरुमा छलफल गरि पारित गर्ने सम्वन्धमा ।
३. आर्थिक वर्ष २०८२/८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
४. बिविध ।

**(ख) बिशेष प्रस्तावहरु**

१. १:१ हकप्रद शेयर जारी गर्ने सम्वन्धमा ।
२. कम्पनीको ठेगाना परिवर्तन (प्रवन्धपत्र र नियमावली संसोधन)
३. संचालक समितिको छनोट सम्वन्धमा ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**एशियन क्यापिटल लिमिटेड**



**बागमती प्रदेश सरकार**
**प्रदेश लेखा इकाई कार्यालय, काठमाडौं**

**मोटरसाइकल हराएको सूचना**

**(प्रकाशित मिति: २०८२/०७/१२)**

यस कार्यालयको नाममा दर्ता रहेको तपसिलको विवरण भएको कालो/रातो रङको १५० सिसिको पल्सर मोटरसाइकल मिति २०८२/०३/२६ गते साँझ ७:३५ देखि ८:०० बजे भित्र का.म.न.पा.३२ पेप्सीकोला चोक नजिकबाट हराएकोले देख्नुहुने वा भेट्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा यस कार्यालयको सम्पर्क नम्बरमा जानकारी गराइदिनु हुन अनुरोध छ ।

**सवारीको पहिचान नं.** : बा.प्र.०२-००१ ब ६६३५ (BAGAMATI AAG 3223)
**च्यासिस नं.** : MD2A11CX1RPF61938
**इञ्जिन नं.** : DHXPRE60904
**सम्पर्क नं.** : 01-4530666, 9851400026



**Sudurpashchim Provincial Government**
**Ministry of Industry, Tourism,Forests and Environment**
**Forest Directorate**

# Division Forest Office, Baitadi

## Invitation For Online Bids

**Date of first publication: 2082/07/12**

The Division Forest office, Baitadi Invites online bids under e-procurnment system from eligible Nepalese bidders for the procurement for following works. The bidders can visit PPMO website www.bolpatra.gov.np.egp for the brief description with public entity name: Division Forest office, Baitadi .

| S.N. | Contract ID | Name of Work | Estimated amount (without VAT,PS and conte Contingencies) NRS | Bids Security (NRS) | Bid Doc Fee (NRS) | Final bid submission Date &Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | DFO/BID/ WORK/NCB/ 01-082/083 | Construction/ Finishing work of DFO Building Baitadi. | 4282497.77 | 150000.00 AC.No. 4050100202030000 | 3000.00 Rajaswa no. 14229 AC.No.1000200010000 | 2082/08/12, 12.00 noon | Office code. 3070274017 for DFO, Baitadi. |

**Division Forest Office, Baitadi**

# उदाउँदो सूर्यलाई दिइयो अर्घ्य



**काठमाडौं–** सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने छठपर्व मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न भएको छ । उदाउँदो सूर्यलाई नदी किनारमा बसी पूजा आराधनासहित गाईको दूध, फूल र जलले अर्घ्य दिएपछि छठ सम्पन्न हुने धार्मिक विधि छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरू लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि छ ।

पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रूपमा मानी विशेष पूजा गर्ने गरिएको धार्मिक विश्वास छ । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने धार्मिक विश्वासको चर्चा शास्त्रमा गरिएको धर्मशास्त्रविद् प्रा. तोयराज नेपाल बताउँछन् । सूर्यषष्ठीसमेत भनिने कार्तिक शुक्ल षष्ठीमा सूर्यको पूजा आराधना गर्ने निर्देश शास्त्रमा गरिएको उनले जानकारी दिए ।

यस अवसरमा सूर्य पूजा र दर्शन गरी विवाहिता महिला, पुरुषले पति, पत्नीको दीर्घायु एवं अविवाहिताले सुयोग्य वर, वधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको संख्या पनि धेरै छ । यो व्रतले मनले चिताएको पूरा हुने धेरै भक्तजनको विश्वास छ । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व शनिबारदेखि सुरु भएको हो । चतुर्थीमा स्नान गरी चोखो खाएर बसिन्छ । यस दिनबाट छठ नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । कार्तिक शुक्ल सप्तमीका दिन अर्थात् मंगलबार बिहान उदाउँदो सूर्यलाई पूजासहित अर्घ्य दिएपछि यो पर्व सम्पन्न भएको हो ।

मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्ने गर्छन् । विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ २०४६ सालपछि काठमाडौंलागायत पहाडी क्षेत्रमासमेत मनाउन थालिएको हो । वि.सं. २०६२ मा गुहचेश्वरी, गौरीघाट ठेगाना राखेर श्री छठ पूजा समिति विधिवत् जिल्ला प्रशासन कार्यालयमा दर्ता भएपछि काठमाडौंमा छठको विशेष रौनक सुरु भएको हो ।

वि.सं. २०६३ पछि भने काठमाडौंको थापाथली, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्त्वका साथ मनाउन थालियो । २०७२ वैशाख १२ गतेको भूकम्पपछि रानीपोखरीमा भने छठ हुन छाडेको छ । पछिल्लो समय कमलपोखरीमा भने भव्यरूपमा छठ हुन थालेको छ ।

छठका लागि सोमबार गुहचेश्वरी, कमलपोखरी, थापाथलीलगायत स्थानमा निर्माण भएको छठ घाटलाई बेहुलीझैं सिँगारिएको थियो । मंगलबार बिहान यी स्थलहरूमा उदाउँदो सूर्यलाई अर्घ्य दिई यस वर्षको छठ सम्पन्न भएको छठ समिति गुहचेश्वरीका अध्यक्ष अनिल सिंहले जानकारी दिए । सोमबार बेलुकी अस्ताउँदो सूर्यलाई जस्तै मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिन पनि व्रतालुमात्र राजधानीका छठघाट गएका थिए । धेरै व्रतालु रातभर गुहचेश्वरी गौरीघाट क्षेत्रमा जाग्राम बसेको छठ पूजा समितिका अध्यक्ष सिंहले जानकारी दिए ।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रोपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डवहरू मिथिलाको विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको भन्ने भनाइ छ । सूर्य पुराणमा उल्लेख भएअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसुयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि छठ मनाउने परम्पराको सुरुआत भएको जनविश्वास रहेको छ । *रासस*

# पुनर्निर्माण गरी हस्तान्तरण गरियो प्रहरी प्रभाग बुङमतीको भवन

**ललितपुर (प्रस)–** गत भदौ २४ गतेको जेन-जी आन्दोलनमा क्षति पुऱ्याइएको प्रहरी प्रभाग बुङमती (भैंसेपाटी)को भवन पुनर्निर्माण गरी हस्तान्तरण गरिएको छ ।

स्थानीय र समुदायको सहकार्यमा भदौ २६ गते स्थानीय सुमन महतको संयोजकत्वमा गठन भएको पुनर्निर्माण समितिले निर्माण सम्पन्न गरी मंगलबार यहाँ औपचारिक कार्यक्रम गरेर प्रहरीलाई भवनका संरचना हस्तान्तरण गरेको हो । पुनर्निर्माण समिति संयोजक महतका अनुसार भदौ २६ गते गठन भएको ११ सदस्य रहेको पुनर्निर्माण समितिले २०० स्थानीय, व्यवसायी, संघसंस्था र समाजसेवीबाट स्वस्फूर्तरूपमा उपलब्ध ४९ लाख ५४ हजार रूपैयाँको सहयोगबाट पुनर्निर्माण सम्पन्न गरिएको हो ।



पुनर्निर्माण सम्पन्न भएको भवनको उद्घाटन गर्दै प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले राम्रा र असल मानिसको मौनताले खराब मानिसले प्रश्रय पाउने बताए । उनले शान्ति सुरक्षाका लागि राष्ट्रको प्रतिनिधिका रूपमा काम गर्न प्रभागको भवन पुनर्निर्माण गरी सहयोग पुऱ्याउने स्थानीयको प्रयासको प्रशंसा गरे ।

'अप्ठ्यारो परिस्थितिमा काम गर्ने शक्ति नेपाल प्रहरी हो, आन्दोलनमा धेरै क्षति भएको थियो र छ, देशमा धेरै रगत बगिसकेको छ, अब रगतभन्दा पनि मिहेनतको पसिना बगाउनुपर्ने समय हो, यसतर्फ हामी सबै मिलेर सहकार्यमा काम गर्नु आवश्यक छ,' उनले भने । उनले सार्वजनिक सम्पत्तिको क्षति साह्रै दुःखद् भएको उल्लेख गर्दै क्षति पुऱ्याउनेलाई कानुनी दायरामा ल्याउन कुनै कमी हुन नहुने प्रतिबद्धता जनाए ।

प्रहरी वरिष्ठ उपरीक्षक होविन्द्र बोगटीले दुःखद् घटनाबाट विस्थापित भएको प्रहरी प्रभावलाई पुनःस्थापित गर्न मन, वचन र कर्मले सहयोग गर्ने सबैलाई आभार व्यक्त गर्दै शान्तिपूर्ण सभ्य समाज निर्माणका लागि अमूल्य पुन्य काम गरेको बताए ।

आन्दोलनमा पुल्चोक र हरिसिद्धिबाट केही थान हतियारसमेत लुटिएको र सोही हतियार अझैसम्म पनि बरामद हुन नसकेको अवस्था रहेको जिल्ला प्रहरी परिसर ललितपुरका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक चक्र जोशी जानकारी गराए । आन्दोलनका क्रममा ललितपुर जिल्लाभित्रका २१ वटा प्रहरी कार्यालयमा क्षति पुगेको थियो ।

भदौ २४ गतेको आन्दोलनबाट प्रभागमा कार्यरत रहेका प्रहरीका लत्ताकपडा लुटिएकाले नेपाल महिला संघकी केन्द्रीय सदस्य निरु खड्काले प्रहरीलाई ५४ सेट ट्र्याकसुटलगायतका सामग्री हस्तान्तरण गरेको प्रभागका प्रमुख प्रहरी निरीक्षक शशीधर शर्माले जानकारी दिए । ललितपुर महानगरपालिका-१८ का अध्यक्ष दामोदर खड्का, वडा नं २१ का अध्यक्ष रविन्द्र महर्जन, २२ का अध्यक्ष सागर तुलाधर, वडा नं २५ का अध्यक्ष दौलतकुमार खत्री र प्रगति युवा क्लबका साथै स्थानीय विशिष्ठ व्यक्तित्वको सहयोग, समन्वय तथा सहकार्यले छिटोछरितो रूपमा पुनर्निर्माणको कार्यसम्पादन हुन सकेको प्रहरी निरीक्षक शर्माले जानकारी गराए ।

# प्रहरीमाथि कुटपिटमा संलग्न दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** प्रहरीले गत भदौ २४ गते जेन-जी आन्दोलनका क्रममा प्रहरी कार्यालय तोडफोड तथा प्रहरीलाई कुटपिटमा संलग्न रहेको अभियोगमा दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुलीको गोलञ्जोर गाउँपालिका-१ घर भई हाल काठमाडौंको सुकेधारा बस्ने २२ वर्षीय अलिष श्रेष्ठ र रसुवाको उत्तरगया गाउँपालिका-४ घर भई हाल काठमाडौंको मनोमैजु बस्ने २७ वर्षीय सौरभ तामाङ रहेका उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

पक्राउ परेकाहरूले गत भदौ २४ गते प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरी जवान उत्तम थापालाई कुटपिट गरेको तथा प्रहरी वृत्त महाराजगञ्जको कार्यालयमा आगजनी तथा ढुंगामुढा तोडफोड गरेको पाइएकाले दुवै जनालाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई प्रहरी वृत्त महाराजगञ्जमा राखी थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । आन्दोलनकारीको आक्रमणबाट महाराजगञ्जका प्रहरी सहायक निरीक्षक मिलन राय र प्रहरी जवान थापाको ज्यान गएको थियो ।

# छठका लागि सजाइएका पोखरी, ताल र नदी किनारमा सफाइ

**काठमाडौं (प्रस)–** सूर्य उपासना, स्नान, व्रत र भजनसंगीतसँग जोडिएको पर्व छठ श्रद्धा र भक्तिभावका साथ सकिएसँगै काठमाडौं महानगरपालिकाले सरसफाइको काम पनि सम्पन्न गरेको छ । उक्त पर्व सम्पन्न भएसँगै छठघाट निर्माणका लागि प्रयोग गरिएका सामग्रीहरू पोखरी, दह तथा नदी किनारमा विशेष सरसफाइ कार्य गरिएको कामपा प्रशासन विभागका प्रमुख ध्रुवकुमार काफ्लेले जानकारी दिए ।

यस वर्षका लागि कामपाले महानगरभित्र कमलपोखरी (वडा १), गौरीघाट (वडा ७ र ८), बोक्सी दह (वडा १४), बागमती दोभान (वडा ३२), टंकेश्वर (वडा १३), बल्खु कुमारी क्लब अगाडि (वडा १४), कुलेश्वर भलिबल ग्राउण्ड (वडा १४), रामघाट (वडा २०) र बालाजु २२ धारा (वडा १६) गरी नौ वटा घाटलाई मुख्य उपासनास्थलका रूपमा तयारी गरेको थियो । तीनै स्थानमा स्वच्छता कायम गर्न महानगरले विशेष सरसफाइ गरिसकेको काफ्लेले जानकारी दिए । कामपाका गरका सफाइ कर्मचारी र महानगर प्रहरी परिचालन गरी पोखरी, ताल र नदी किनारमा रहेका फोहोर पूर्णरूपमा हटाइएको छ ।

सूर्य उपासनाको यो पर्व भव्य र सुरक्षित वातावरणमा सम्पन्न गराउन महानगरले यसअघि नै व्यापक तयारी गरेको थियो । जनप्रतिनिधिको नेतृत्वमा स्थानीय संघसंस्था, क्लब र सरोकारवालासँग समन्वय गरी उपासनास्थलमा सरसफाइ, उज्यालो, सुरक्षा र अन्य आवश्यक व्यवस्थाको तयारी गरिएको थियो ।

छठ पर्वलाई आस्था, समर्पण र पारिवारिक एकताको प्रतीकका रूपमा लिइन्छ । आमाको ममता, परिवारको समर्पण र सामाजिक उज्यालो संस्कारको पहिचान बोकेको यो पर्वले शान्ति, समृद्धि र सन्तान सुखको कामना गर्ने धार्मिक विश्वास स्थापित गरेको पाइन्छ । विगत वर्षहरूमा जस्तै यस वर्ष पनि महानगरले उपासनास्थल व्यवस्थापन, सजावट र सरसफाइलाई प्राथमिकतामा राख्दै कार्य सम्पन्न गरेको छ ।

# पाटन डबलीमा सुरु भयो कार्तिक नाच

**पाटन (ललितपुर)–** ललितपुरस्थित पाटन दरबार डबलीमा देखाइने कार्तिक नाच सुरु भएको छ । विगत ३८५ वर्षदेखि हरेक वर्ष कात्तिक महिनामा प्रदर्शन हुँदै आएको उक्त ऐतिहासिक नाच सोमबार साँझदेखि सञ्चालनमा आएको हो ।

यससँगै १० दिनसम्म नाच नियमितरूपमा सञ्चालन हुने समितिका अध्यक्ष किरण चित्रकारले जानकारी दिए । 'यो नाच भगवान् विष्णुका १७ कथासँग जोडिएको मान्यता छ, त्यसैले १० दिनसम्म सञ्चालन हुने नाच हरेक दिन फरक-फरक कथामा आधारित रहेर लिलाअनुसार देखाइन्छ,' उनले भने, 'यो नाच मल्लकालीन राजा सिद्धिनरसिंह मल्लले सुरु गरेदेखि हरेक वर्ष कात्तिक महिनामा सञ्चालन हुँदै आएको छ । सिद्धिनरसिंह मल्लले देश र जनताको कल्याणार्थ नाच चलाएको जनविश्वास छ ।'

नेपाल संवत् ७६१ अर्थात् वि.सं. १६९७ मा 'कात्तिक नाच'को प्रारम्भ भएको इतिहास छ । यसको प्रमुख विशेषता हरेक दिन फरक-फरक कथामा आधारित रहेर देखाउनु हो । अध्यक्ष चित्रकारका अनुसार मल्लकालीन राजा सिद्धिनरसिंहले ललितपुरका जनतालाई भय र त्रासमुक्त गर्न यो नाच देखाउन थालेको मान्यता छ । यस नाचका सर्जक, स्रस्टा एवं प्रवर्तक सिद्धिनरसिंहका शिक्षागुरु पण्डित हरिवंश उपाध्याय र दीक्षागुरु विश्वनाथ उपाध्याय भएको इतिहास रहेको उनले जानकारी दिए ।

अध्यक्ष चित्रकारले भने, 'यो नाच सुरुमा पाँच दिन प्रदर्शन भएको बताइन्छ । सिद्धिनरसिंहका छोरा श्रीनिवास मल्लले 'बाथःप्याखँ' अर्थात् 'लोक नाटक,' 'सुदामा प्याखँ' र 'सुरदास प्याखँ' थपेर यसलाई १५ दिन पुऱ्याएका पनि इतिहास छ । हाल यसको विशेषता बुझेका कलाकार र नाच सञ्चालनका लागि आर्थिक अभावमा १० दिनमामात्रै सीमित गरिएको छ ।'

यो नाच नेपालको अमूर्त सम्पदा र परम्परागत संस्कृति भएकाले हालसम्म नरोकिएको कार्तिक नाच प्रचारप्रसार समितिका संयोजक सञ्जय शर्मा राजोपाध्यायले बताए । 'कार्तिक नाच धार्मिक र तान्त्रिक महत्त्वसँग पनि जोडिएको छ । यसलाई नेवार समुदायमा समावेशी नाचका रूपमा पनि लिइन्छ, जुन जातीय सद्भाव कायम राख्ने माध्यम बनेको छ,' उनले भने ।

मल्लकालीन समयमा कार्तिक नाचमा मैथिली भाषामा संवाद गरिन्थ्यो । मैथिली भाषा नेवार समुदायमा नबुझिने भएकाले पछिल्लो समय नेपाल भाषामा उल्था गर्न थालिएको जानकारहरू बताउँछन् । यो नाच संसारकै सबैभन्दा लामो नाट्य महोत्सवका रूपमा चिनिएको राजोपाध्यायको भनाइ छ । '२७ दिनसम्म नाच सञ्चालन हुने भएकाले संसारको सबैभन्दा लामो नाट्य महोत्सव भएको इतिहासमा उल्लेख छ, तर हाल यसलाई १० दिनमा खुम्च्याइएको छ । वि.सं. २००७ को जनक्रान्तिपछि यो नाटकलाई केही दिनमा खुम्च्याइयो । वि.सं. २००८ देखि २०३७ सालसम्म दुई दिनमात्रै देखाइयो । यी दुई दिनमा बराह र नरसिंह अवतार देखाइन्थ्यो,' राजोपाध्यायले भने ।

कार्तिक नाच प्रबन्ध समिति गठन भएपछि वि.सं. २०३८ देखि २०६९ सम्म प्रत्येक वर्ष आठ दिन नाच प्रदर्शन भएको राजोपाध्याय बताउँछन् । 'वि.सं. २०७० मा दुई दिन वस्त्रहरण र बौद्ध लीला थपेर १० दिन र वि.सं. २०७१ देखि २०७६ सम्म १२ दिन सञ्चालन भएको थियो । वि.सं. २०७७ सालमा कोभिड महामारीका कारण दुई दिनमात्रै नाच देखाइएको थियो । यस वर्ष १० दिन देखाइँदै छ, २००६ सालयता २७ दिन नै नाच हुन सकेको छैन । सबै २७ दिन गर्न एक वर्ष समय खर्चिनुपर्छ । नाचका लागि अभ्यासमा धेरै समय लाग्छ,' उनले भने ।

नाच संरक्षण समितिले नाचलाई निरन्तरता दिन संस्थागतरूपमा १० करोड रूपैयाँको अक्षयकोष स्थापना, कलाकारलाई व्यावसायिक रूपमा अगाडि बढाउने र नयाँ पुस्तालाई भाषागतरूपमा सबल बनाउन प्रशिक्षण दिने लक्ष्य लिएको जानकारी दिएको छ । *रासस*


**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
**रामपुर सल्यान**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**
**(सूचना प्रकाशित मितिः २०८२।०७।१२)**

उपरोक्त विषयमा यस कार्यालयकोः KRM/NCB/WORKS/2082/83/01 का लागि प्रकाशित सूचना वमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशय-पत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर.सहित) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/WORKS/ 2082/83/01 | palika vaban tala thap yojana | surabhi/maa–durga– jigyasu JV sharadha municipality 2 salyan | १३६९४४४६.४० |

**प्रमुख प्रशासकीय अधिकृत**



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**
**श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौको नाममा सम्बन्धन/स्वीकृति प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगित) कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना !**
**प्रकाशित मितिः २०८२/०७/१२ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह सामान्य चिकित्सा, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी, फिजियोथेरापी र नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री विनायक कलेज अफ हेल्थ साइन्स का.म.न.पा.-०९, वात्तिसपुतली, काठमाण्डौले** १०० वेडको **श्री विनायक अस्पताल तथा प्रसुति गृह टोखा न.पा.-०९ गोंगवु काठमाण्डौ** पेश गरी एवं उक्त संस्थाको नामसारी (स्वामित्व हस्तान्तरण) गरी स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम पुनः संचालन गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९औं वैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति२०८२/०६/३१ गतेको निर्णयानुसार स्थगित नर्सिङ्ग कार्यक्रमलाई माग भै आए अनुसार नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडी बढाउने प्रयोजनका लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति भै हाल स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स - प्रमाण लिखित जानकारी गराउनु हुन अनुरोध छ । उल्लेखित समयभित्र कसैको उजुरीपरेमा सोही अनुसार हुने र उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी (स्वामित्व हस्तान्तरण) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>सम्पर्कका लागि</u>
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर।
इमेलः ctevtaccreditation061@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आकस्मिक वर्षा र हिमपातको जोखिमबाट बचौं

**नेपालीहरूले धमाधम खेतबाट धान भित्र्याउने समय हो यो । कोदोबाली पनि पाक्ने क्रममा छ । यही बेला हिमाली क्षेत्रमा भारी हिमपात भएको छ भने पहाडी क्षेत्रमा हल्का वर्षा भएको छ । आगामी बिहीबारदेखि शनिबारसम्म भारी वर्षा हुने पूर्वानुमानसमेत गरिएको छ । मुख्यबाली धान भित्र्याउने समयमा यसरी बेलाबेला वर्षा हुँदा धेरै क्षति हुने गरेका घटना पहिले पनि हामीले भोग्दै आएको हो । काट्दै गरेको धान डुबेर क्षति पुगेका, पाकेर भित्र्याउन ठिक्क पारेको धान ढलेर क्षति पुगेकोबारे हामी जानकार नै छौं ।**

**यसपटक जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले दुई दिनअगाडि नै वर्षा हुनसक्ने भन्दै सबै क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिसकेको छ । यस्तो अवस्थामा धान भित्र्याउने तयारीमा रहेका किसानहरूले बेलैमा सावधानी अपनाउनुपर्छ । अहिले विषेशगरी बागमती, मधेस र कोशी प्रदेशको मौसम प्रभावित हुने देखिन्छ । यो अवधिमा अत्यधिक वर्षा भएमा बागमती, कमला, कोशी, कन्काई नदी र यी नदीका सहायक नदीहरूमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह आसपास पुग्न सक्ने आकलन गरिएको छ ।**

**विशेषगरी बागमती प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली, मधेस प्रदेशका बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा, सप्तरी र कोशी प्रदेशका संखुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्ला भई बहने स-साना नदीहरूमा आकस्मिक बहावको सम्भावना उच्च रहेको विभागले जनाएको छ ।**

**वर्षा र हिमपातले पर्यटन क्षेत्रमा पनि उत्तिकै प्रभाव पार्ने देखिन्छ । मंगलबार बिहानबाट परेको हिमपातका कारण कतिपय पर्यटक अलपत्र परेका छन् । उनीहरू विभिन्न क्षेत्रमा फसेका छन् । तिहारको बिदा मनाउने क्रममा रहेकाहरू, यही बेला उत्कृष्ट मौसम भएको भन्दै आन्तरिक पर्यटकको घुइँचो लागेको छ मुस्ताङ मनाङमा । ती क्षेत्र अहिले हिउँ परेका कारण प्रभावित बनेको छ । त्यहाँ फसेका पर्यटकको स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ । पहिरो तथा खराब मौसमका कारण सडक र हवाई यातायातसमेत प्रभावित हुने देखिन्छ । यसले पनि यात्रीहरूमाथि असर पुग्ने देखिन्छ । यसैले यस्तो बेला सरकारले विपद् पूर्वतयारी गर्नु आवश्यक छ नै सर्वसाधारणले पनि आफ्नो ठाउँबाट सकेको सहयोग गर्नुपर्दछ । आकस्मिक मौसम बदलावबाट हुने क्षति सबै मिलेर सकेसम्म रोकौं ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्यांकन



गम्भीरबहादुर हाडा

> नीतिलाई परिणाममुखी बनाउन आवश्यकता र समस्याको आधारमा दीर्घकालीन दृष्टिकोणको विकास गर्नु जरुरी हुन्छ । यसका लागि विषयसँग सम्बन्धित विज्ञ र सरोकारवालाको सहभागितामा नीतिका उद्देश्य, लक्ष्य, रणनीति, कार्यक्रम, संस्थागत जिम्मेवारी, ऐन कानुनको व्यवस्था तथा स्रोतको उपलब्धताका सम्बन्धमा स्पष्ट पार्न आवश्यक हुन्छ । साथै, नीतिका सबै पक्षको वैज्ञानिक विश्लेषणद्वारा थप परिमार्जन गरी यथार्थ बनाउनुपर्दछ । यसमा सूचनाको उपयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

कुनै कार्य गर्नका लागि बनाइने पूर्वनिर्धारित योजना हो, नीति । यसले सामान्यतया कुनै कार्य सञ्चालन गर्न मार्गदर्शन प्रदान गर्दछ । फलस्वरूप कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न सकियोस् । फरक-फरक पार्टी, सरकार तथा राज्यका आ-आफ्नै नीति हुन्छन् जसले भविष्यमा सञ्चालन गरिने कार्यक्रम तथा योजनालाई निर्देशित गर्दछ । विकास नीति भन्नाले मानिसको गुणात्मक परिवर्तन गर्न र सामाजिक न्याय स्थापना गरी सम्मुन्नत समाज स्थापना गर्न बनाइएको पूर्वनिर्धारित खाका, निर्देशिका हो । विकास नीति, समय, परिस्थिति र विचारधाराको आधारमा परिवर्तन हुन सक्दछ तर यसको केन्द्रबिन्दु भने सदैव मानवीय हित तथा कल्याण नै हुनु जरुरी छ ।

२०५६ सालमा २०५ वटै निर्वाचन क्षेत्रमा सामाजिक संगठन निर्माण, बचत परिचालन, सीप विकास, शिक्षा, स्वास्थ्य, स्वरोजगार, खानेपानी, सिँचाइ, वन, असहाय, अपांगता भएकालाई सहयोग पुऱ्याउने उद्देश्यले 'गरिबसँग विश्वेश्वर कार्यक्रम' ल्याइएको थियो । तर, त्यो प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेन । त्यो बढी राजनीतिक प्रभावमा परेको देखियो । यसै सन्दर्भमा विकेन्द्रीकरणको योजना तथा नीतिलाई सार्थकता प्रदान गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ ले समेत ग्रामीण विकासको सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण रहेको पाइन्छ ।

त्यस्तै सुकुम्बासीलाई जग्गा वितरण कार्यक्रम, रोजगारमूलक तालिम, ग्रामीण विकास बैंकअन्तर्गत कर्जा प्रवाह कार्यक्रम, गरिबी निवारण कोष, युवा स्वरोजगार कार्यक्रमहरू पनि गरिबी निवारण तथा ग्रामीण विकासका लागि ल्याइएका केही कार्यक्रमहरू हुन् । अर्कोतर्फ ग्रामीण विकासको सन्दर्भमा दूरगामी असर पार्ने तथा २०४६ सालको परिवर्तनपश्चात् सक्रियरूपमा विकास भएको अर्को क्षेत्र भनेको गैरसरकारी संस्थाको विकास तथा स्थापना हो । नेपालभरमा झण्डै दुई हजार गैरसरकारी संस्था दर्ता भएका छन् । विभिन्न उद्देश्यसाथ स्थापित भएका यी गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि ग्रामीण विकासका सन्दर्भमा महत्त्वपूर्ण कामहरू गरेका छन् ।

प्रक्रियागत दृष्टिकोण जसले सार्वजनिक नीति निर्माण र कार्यान्वयनको प्रक्रिया र विधिमा जोड दिन्छ । उपलब्धि र नतिजाको दृष्टिकोण जसले सार्वजनिक नीति निर्माणलाई यसले गर्ने उत्पादन र समाजमा ल्याउने परिवर्तनलाई प्राथमिकता प्रदान गर्दछ । सार्वजनिक नीतिले सम्बद्ध पक्षमा पार्ने सन्तुष्टिको आधारमा नीतिको कार्यान्वयन प्रभावकारिताको यस दृष्टिकोणले परख गर्दछ ।

रणनीतिगत दृष्टिकोणले सार्वजनिक नीति निर्माण गर्दा वातावरणीय उपयुक्तता, उपलब्ध साधन र क्षमताको अधिकतम् उपयोग, प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभको उपयोगका साथै नीतिको अल्पकालिक, मध्यकालिक र दीर्घकालिक प्रभावकारिता, निरन्तरता र दिगोपना हासिल गर्ने कुरालाई जोड दिन्छ । यसले नीति निर्माणलाई वातावरणीय वास्तविकतालाई आत्मसात् गर्न सक्षम तुल्याउँदछ र कार्यान्वयन योग्यताको परख गर्दछ ।

जनताप्रतिको उत्तरदायित्व प्रभावकारीरूपमा निभाउने क्रममा सरकारद्वारा गरिने नीतिगत विषयको चयन र स्वीकृति भइसकेपछि त्यस्ता नीतिगत प्रतिबद्धतालाई कार्यान्वयनमा उतार्नका लागि आवश्यक मार्गदर्शन, उद्देश्य निर्धारण, प्राथमिकता निर्धारण, आवश्यकताबमोजिमको साधन स्रोतको अनुमान संस्थागत बन्दोबस्त एवं कार्यान्वयनका समष्टीगत प्रारूपलाई नै सार्वजनिक नीतिको तर्जुमा भनिन्छ ।

नेपालमा राष्ट्रिय विकास एवं समुन्नतिका लागि आवश्यक राष्ट्रिय योजना तयार गर्नका लागि राष्ट्रिय योजना आयोगको व्यवस्था छ । यो आयोगले राष्ट्रिय आवश्यकताको पहिचान गरी सम्बन्धित विभाग, मन्त्रालयको आ-आफ्नो क्षेत्रको प्रस्तावित क्षेत्रगत विकास योजना वा कार्यक्रमको आधारमा राष्ट्रिय योजना तयार गर्दछ । राष्ट्रिय योजनामा राष्ट्रिय उद्देश्य, लक्ष्य आदि निश्चित गरिन्छ । यी लक्ष्य एवं उद्देश्य हासिल गर्न योजना आयोगले विकास नीतिहरू तर्जुमा गर्दछ । यी नीतिहरू पनि यथार्थमा सार्वजनिक नीति नै हुन् । यसरी विकास नीति एवं कार्यक्रम सम्बन्धमा यसलाई सुझाव, परामर्श दिन सरकारी यन्त्रलगायत समाजका विभिन्न वर्ग एवं समुदायको प्रतिनिधित्व भएको राष्ट्रिय विकास परिषद्को पनि व्यवस्था छ । यस अर्थमा सार्वजनिक नीति प्रतिपादनको क्षेत्रमा विशेषतः आर्थिक, सामाजिक नीति प्रतिपादनमा आयोगले निर्णायक भूमिका खेल्दछ ।

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष एवं सदस्यहरू योजनाविद् एवं विशेषज्ञका रूपमा सरकारबाट नै राजनीतिक नियुक्ति गरिन्छ । सरकारको विकास नीति यिनीहरूबाट नै तर्जुमा हुन्छ । यद्यपि, व्यापक अर्थमा यसले प्रतिपादन गरी कार्यान्वयन गर्ने नीति यसको आफ्नै नभई सरकारकै नीति हो पनि भन्न सकिन्छ ।

सार्वजनिक नीति तथा रणनीतिको कार्यान्वयन तथा मूल्यांकन गैरसरकारी क्षेत्रका समाजशास्त्री र अनुसन्धान तथा अध्ययन संस्थाहरू, संसदीय मूल्यांकन, महालेखापरीक्षक, विशेष आयोगहरू, स्थानीयस्तरका निर्वाचित निकायहरू, प्रशासनिक निकायहरू, राष्ट्रिय योजना आयोग र अन्य विभिन्न निकायहरूबाट हुने गर्दछ ।

सार्वजनिक नीति तर्जुमाको ढाँचाअन्तर्गत दीर्घकालीन सोच/दृष्टिकोण, रणनीतिक कार्ययोजना, नीतिको लक्ष्य र उद्देश्य, उद्देश्य प्राप्त गर्ने रणनीति, कार्यान्वयन योजना र व्यवस्थापनलगायत पर्दछन् । नीति कार्यान्वयनअन्तर्गत नीति तर्जुमापछि कार्यान्वयनको जिम्मेवारी कर्मचारीतन्त्रको काँधमा आउँछ । कर्मचारीतन्त्रले नीति तर्जुमाको चरणदेखि नै स्थायित्व, सूचनामा पहुँच, अनुभवजस्ता कारणले संलग्न भई आफ्नो योगदान पुऱ्याएको हुन्छ । कर्मचारी नियन्त्रण एवं स्रोतसाधन उपयोगका लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबाट कर्मचारीतन्त्रलाई कानुनी अधिकार प्राप्त भएको हुन्छ । प्राप्त अधिकार, पेसागत सक्षमता र स्थापित प्रक्रियाको आधारमा कानुनी र नीतिगत परिधिभित्र रही कर्मचारीतन्त्रले नीति कार्यान्वयन गर्ने गराउने गर्दछ ।

सिद्धान्ततः कर्मचारीतन्त्र सरकारका नीतिहरू कार्यान्वयन गर्न प्रतिबद्ध हुन्छ, हुनु पर्दछ । नीति कार्यान्वयनमा कर्मचारीतन्त्रको जिम्मेवारी भनिरहँदा यस कार्यमा सरकारका तीनवटै अंग, सरोकारवाला, राजनीतिक दल तथा अन्तर्राष्ट्रिय विकास साझेदार (दानकर्ता) हरूको भूमिकालाई पनि भुल्न सकिँदैन ।

सरकारद्वारा कार्यान्वयन गरिएका नीतिको लक्ष्य र उद्देश्य हासिल भयो भएन भनेर गर्ने कार्य नीति मूल्यांकन हो । नीतिको प्रभावकारिता कस्तो रह्यो भन्ने लेखाजोखा गरी वास्तविकता आकलन गर्ने र भविष्यमा नीति तर्जुमा र कार्यान्वयनको सुधारका पक्षहरू पहिचान गर्ने उद्देश्य नीति मूल्यांकनको रहेको हुन्छ । सार्वजनिक नीति मूल्यांकनमा संसद्, महालेखापरीक्षक, प्रशासनिक निकाय, प्रेस, विश्वविद्यालय, अनुसन्धानकर्ता एवं विशेष आयोगहरू संलग्न हुने गर्दछन् । नीति मूल्यांकनअन्तर्गत नीति मूल्यांकन नीतिको प्रभावकारिता, कार्यदक्षता, पर्याप्तता, न्यायोचित समानत, उपयुक्तता र सामाजिक उत्तरदायित्वजस्ता विषयका आधारमा गरिन्छ ।

नीति मूल्यांकनमा नीतिको कार्यान्वयन सम्भाव्यता, नीतिको कार्यसम्पादन अवस्था, नीतिको प्रभावकारिता र नीतिको रणनीति मूल्यांकन गर्ने गरिन्छ । नीति मूल्यांकन गर्दा नीति तर्जुमाको अवस्था, कार्यान्वयन वातावरण र कार्यान्वयन स्थितिको पनि मूल्यांकन गरिन्छ ।

नीति मूल्यांकनले सार्वजनिक नीतिलाई परिमार्जन गर्दछ र भविष्यमा अनुपयुक्त एवं कार्यान्वयन गर्न असम्भव नीति तर्जुमा गर्न हतोत्साही पनि गर्दछ । तर सार्वजनिक नीति निर्माणको चरणमा मूल्यांकनले महत्त्व पाएको देखिँदैन । नीतिको उद्देश्य र लक्ष्य अस्पष्ट भएकोले तुलना गर्न नै नसकिने, नीतिको प्रभाव छरिनाले र अन्य नीतिको प्रभावसँग मिसिने हुनाले सहीरूपमा निर्धारण गर्न नसकिने, एकै प्रकारका नीतिको प्रभाव पनि एकै प्रकार नहुने, एवं नीति मूल्यांकनको परिणाम शासक अनुकूल नभएमा लुकाइने र नीति मूल्यांकनमा पूर्वाग्रह रहने र खर्चिलो हुने कारण नीति मूल्यांकन प्रभावकारी नभएको पाइन्छ ।

नीतिलाई परिणाममुखी बनाउन आवश्यकता र समस्याको आधारमा दीर्घकालीन दृष्टिकोणको विकास गर्नु जरुरी हुन्छ । यसका लागि विषयसँग सम्बन्धित विज्ञ र सरोकारवालाको सहभागितामा नीतिका उद्देश्य, लक्ष्य, रणनीति, कार्यक्रम, संस्थागत जिम्मेवारी, ऐन कानुनको व्यवस्था तथा स्रोतको उपलब्धताका सम्बन्धमा स्पष्ट पार्न आवश्यक हुन्छ । साथै, नीतिका सबै पक्षको वैज्ञानिक विश्लेषणद्वारा थप परिमार्जन गरी यथार्थ बनाउनुपर्दछ । यसमा सूचनाको उपयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

एक अल्पविकसित देशका लागि कति र कस्तो प्रकारको दक्ष जनशक्ति आवश्यकता पर्दछ, सो थाहा पाउन कठिन छ । कुनै पनि देशलाई आर्थिक विकासको कुन अवस्थामा प्रवेश गर्दा कति मानवीय पुँजी आवश्यक पर्दछ भन्ने कुराको पनि यकीन गर्न समस्या हुने गर्दछ । मानवीय पुँजी निर्माणको दर कति हुनुपर्दछ, सो कुरा पनि थाहा पाउन गाह्रो हुन्छ । कुन समयमा र कति मात्रामा कस्तो शिक्षामा लगानी गर्नुपर्दछ, सो कुरा पनि थाहा पाउन सकिँदैन । शिक्षामा गरिएको लगानीबाट प्राप्त प्रतिफल कसरी मापन गर्ने ?

अल्पविकसित देशहरूमा जनसंख्या वृद्धि अत्यधिक हुनु र विकासोन्मुख मुलुकहरूबाट क्षमतावान् व्यक्तिहरू कामको खोजीमा अन्य राष्ट्रमा जानु वा प्रतिभा पलायन हुनुले समस्या खडा भएको हुन्छ । शिक्षा, स्वास्थ्य, पोषण तथा सीपमूलक कार्यमा जनता गरिब भएका कारण लगानी गर्न सक्दैन । देशमा विद्यमान मानव शक्तिलाई देशको सरकारले सदुपयोग गर्न सकेको हुँदैन । विकासोन्मुख राष्ट्रहरू गरिब भएको कारण मानवमाथि बढीभन्दा बढी लगानी गर्न नसकेको देखिन्छ । अल्पविकसित देशमा मानवीय पुँजी निर्माणका लागि पुँजीको आवश्यकता अपरिहार्य छ ।

# जेन-जीको भावना आत्मसात् गर्ने नयाँ सरकारको आवश्यकता



रविकिरण हमाल

नेपालमा अहिले शासकीय स्वरूप परिवर्तन मुख्य आवश्यकता बनेको छ । शासकीय स्वरूप परिवर्तन र भ्रष्टाचार नियन्त्रणविना देश अघि बढ्न सक्दैन । सार्वजनिक संस्थाहरूको पुनर्संरचना अपरिहार्य छ । यही आवश्यकतालाई महसुस गरी भदौ २३ र २४ को जेन-जी विद्रोह उठेको हो ।

जब सरकारले सामाजिक सञ्जालहरूमा प्रतिबन्ध लगाइयो, त्यसले युवामाझ राजनीतिक चेतनाको विष्फोट गरायो । भदौ २२ गते मैले पत्रकार सम्मेलन गरेर सम्पूर्ण युवालाई सडकमा उत्रिन आह्वान गरेँ । त्यो दिनबाट नै परिवर्तनको आगो सल्कियो ।

भदौ २३ र २४ गते दुई दिनको विद्रोह नेपालका तीन दशकको असफल शासनको नतिजा थियो । भ्रष्टाचार, बेरोजगारी र कुशासनको भारले युवाहरू विष्फोट बिन्दुमा पुगेका थिए । जेन-जी पुस्ताले विश्वका प्रगतिशील देशहरूमा भएको शासन प्रणाली देखिसकेका थिए । उनीहरूले बुझिरहेका थिए, नेपाल किन पछि पऱ्यो ? त्यस प्रश्नको उत्तर खोज्दै उनीहरू सडकमा ओर्लिए । त्यो चेत नै विद्रोहको मूल कारण हो ।

जेन-जी आन्दोलन तोडफोड र आगजनीमा सीमित भयो भन्ने जुन आरोप छ, त्यो कदापि होइन । भदौ २३ गते हामीले पूर्ण शान्तिपूर्ण विरोध गरिरहेका थियौं । तर राज्यको दमन असह्य थियो । दर्जनौं युवालाई गोली हानियो, सयौं घाइते भए । गोली खाएका साथीहरूलाई नजिकैको सिभिल अस्पतालमा उपचारका लागि लैजाँदा आकस्मिक कक्षमै अश्रुग्यास प्रहार भयो । त्यो दिनको क्रूरतापछि देशभर आक्रोशको ज्वालामुखी फाट्यो । भदौ २४ गते सिंगो राष्ट्र विद्रोहमा होमियो । त्यो क्षण कसैको नियन्त्रणमा थिएन, न सरकारको न आन्दोलनको ।

विभिन्न आपराधिक समूहले आन्दोलनमा घुसपैठ गरेको भनिएको छ । त्यसमा मेरो भनाइ, राज्यले जब पूर्ण आत्मसमर्पण गरिसक्छ, त्यस्तो अवस्थालाई अराजक समूहहरूले सदैव फाइदा उठाउँछन् । त्यो जेन-जीको नियत होइन, त्यो शून्य राज्यको परिणाम थियो । हामीले चाहेको थियौं नयाँ संविधान, जसमा अघिल्ला सबै आन्दोलनका उपलब्धि र २०८२ सालको बलिदानी समेटियोस् । तर जब राजनीतिक निर्णयको केन्द्र शीतलनिवास पुग्यो, पुरानै दलहरूले फेरि सत्ता कब्जा गरे । त्यहीँबाट देशले पुनः पुरानै गल्ली समात्यो।

अहिलेको सरकार जेन-जी पुस्ताले बनाएको भन्नु गलत हो । तत्कालीन राष्ट्रपतिले पुराना दलका नेतासँग सल्लाह गरेर सुशीला कार्कीलाई अघि सारे । केही अपरिपक्व युवा साथीहरूलाई मुखौटा बनाइयो । त्यसलाई 'जेन-जीको सरकार' भन्नु ठट्टामात्र हो । स्वयं प्रधानमन्त्रीलेसमेत राष्ट्रका नाममा सम्बोधन गर्दै जेन-जी विद्रोहका माग सम्बोधन गर्न सकिँदैन, सरकार पुरानै व्यवस्थामा निर्वाचन गर्नका लागि भनिसक्नुभयो ।

हाम्रो पुस्ता संख्यामा धेरै थियो, तर राजनीतिक परिपक्वता अभावमा थियो । उनीहरू परिवर्तन चाहन्थे, तर दिशाबारे स्पष्ट थिएनन् । हामी थोरै अनुभवी युवाले प्रयास गऱ्यौं, तर परिस्थितिले सघाएन । हाम्रो आन्दोलनलाई सुशीला कार्की र रामचन्द्र पौडेलले 'हाइज्याक' गरे । देश फेरि पुरानै खेलमा फस्यो ।

नेपालको ३० प्रतिशतभन्दा बढी जनसंख्या नयाँ पुस्ता छ । जेन-जीले विद्रोह सफल बनाए पनि त्यसको भावना उपेक्षित भयो । यस्तोमा देशमा न त शान्ति रहन्छ, न प्रगति सम्भव हुन्छ । यदि विज्ञान र प्रविधिबाट सुसूचित यो पुस्ताको आवाजलाई संस्थागत गरिएन भने राज्य असफलतातिर धकेलिने छ । त्यसलाई रोक्नु हाम्रो दायित्व हो ।

हाम्रा दुई प्रमुख माग- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली र सार्वजनिक संस्थाहरूको पूर्ण 'रिफर्म' र 'रिस्ट्रक्चर' । यी माग देशको मूल मुद्दा बनिसकेका छन् । यी विषय अब रोकिँदैनन् । हामी सर्वपक्षीय सहमतिका लागि अभियान चलाइरहेका छौं । अन्ततः संविधान पुनर्लेखन हुन्छ र नेपालले नयाँ राजनीतिक व्यवस्था पाउँछ । त्यही हाम्रो अन्तिम लक्ष्य हो ।

वर्तमान सरकार जेन-जीका मुद्दाबाट पूर्णविमुख भइसकेको छ । तत्कालीन सरकारले जसरी युवालाई गोली हानेको थियो, आजको सरकारले पनि जेन-जीको नाममा सत्ता कब्जा गरेको छ । केही व्यक्तिहरू प्रधानमन्त्री र मन्त्री बनेका छन्, तर तिनीहरूको वैधता छैन ।

विद्रोहपछि संविधान कोमामा थियो । राज्यका सम्पूर्ण निकाय निष्क्रिय थिए । त्यस्तो अवस्थामा संविधानबाट सरकार बन्नै सक्दैनथ्यो । तर विद्रोहीको सहभागिता र भावनाविपरीत बनेको सरकार संवैधानिक रूपमा अवैधानिक थियो नै, अब राजनीतिकरूपमा अवैध भएको छ । अब हाम्रो लक्ष्य स्पष्ट छ, यो अवैध सरकारलाई विस्थापित गर्दै, जेन-जी विद्रोहको भावना आत्मसात् गर्ने नयाँ सरकार र नयाँ संविधान निर्माण गरिछाड्ने ।

*(हमाल राप्रपा केन्द्रीय सदस्य एवं जेन-जी अभियन्ता हुन्)*



**छठको बिदाइ** | रूपन्देहीको सिद्धार्थनगर नगरपालिका–४ स्थित श्री राम जानकी हनुमान मन्दिरमा रहेको छठ पोखरीमा मंगलबार उदाउँदो सूर्यलाई पूजाअर्चना गर्दै भक्तजन । *तस्बिरः रासस*

# उदाउँदो सूर्यलाई अर्घ्य दिएर समापन गरियो छठ



**महोत्तरी–** मधेसको महोत्तरीसहितका विभिन्न जिल्लामा छठ पर्व मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सम्पन्न भएको छ । पञ्चमी तिथिका दिन आइतबार मध्यरातपूर्वदेखि निराहार व्रत बसेका व्रतालुले मंगलबार सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै यसपालिको छठ सम्पन्न गरेका हुन् । छठमा षष्ठी तिथिमा निराहार व्रत गरिन्छ । यसरी निर्जला व्रत मंगलबार बिहान सूर्योदयसँगै सम्पन्न गरिएको हो ।

महोत्तरीका अधिकांश भेगमा मंगलबार बिहान झिसमिसेदेखि नै धुम्म बादल लाग्दा सूर्यदेव देखिन ढिलो भएको बर्दिबास–२ की व्रतालु देवकला महतोले बताइन् । मिथिलामा सूर्योदयको टुंगो मिथिला पञ्चांग र विद्यापति पञ्चांगका आधारमा गरिन्छ ।

मिथिला क्षेत्रमा मंगलबार बिहान बादल लागेर मौसम सफा नहुँदा घाम देखिन व्रतालुले निकै बेर पर्खनुपरेको थियो । घाम झुल्केको देखेपछि अर्घ्य दिएर व्रतालुले पर्व सम्पन्न गरेका हुन् । यसअघि व्रतालु सूर्योदय हुनु एक घडीपूर्वदेखि नै कम्मरसम्म डुब्ने पानीमा तीनपटक चोबलिएर सूर्यलाई चाँडै देखिन गीतबाट पुकारा गरिरहेका थिए ।

पञ्चमीका दिन पनि दिनभरि निराहार उपवास बसेका व्रतालुले राति सक्खरमा पकाइएको खिरमात्र खाएका थिए । व्रतालुले ३० घण्टा बढीको निराहार व्रतपछि मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै 'भोरका अरख' सम्पन्न गरेका हुन् । सूर्यदेवलाई सप्तमीका दिन बिहान अर्घ्य दिएर व्रत सम्पन्न गरिने विधिलाई मिथिलाको बोलीचालीमा 'भोरका अरख' वा 'पारन' भनिन्छ ।

व्रतालुले यसपालि गत शनिबार कात्तिक शुक्ल चतुर्थी तिथिका दिन 'नहाय–खाय' विधिबाट पर्व सुरु गरेका थिए । माछामासु, लसुनप्याज, मुसुरो र कोदोसहितका विधिमा अशुद्ध मानिएका खानेकुरा वर्जित गरी अरवा सात्विक भोजन गरिने हुँदा यो विधिलाई 'अरबाअरबाइन' पनि भनिन्छ । त्यसैगरी, गत आइतबार पञ्चमीका दिन 'खरना' र सोमबार षष्ठी तिथिका दिन निराहार व्रतकै बीच साँझपख अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिँदै 'सझुका अरख' सम्पन्न गरेका थिए । 'सझुका अरख'लाई मिथिलामा 'सझियाघाट' पनि भन्ने गरिन्छ ।

मंगलबार बिहान अर्घ्य दिएसँगै सूर्य उपासनाको महापर्व सम्पन्न गरी व्रतालु इष्टजनसहित छठी घाटबाट घर फर्केका छन् । पर्व सकिएसँगै घरघरै प्रसाद खाने/खुवाउने क्रम सुरु भएको थियो । मिथिलामा छठको प्रसाद मानिने ठकुवा (गहुँको पीठो सक्खरमा मुछेर घिउमा पकाइएको मिष्ठान्न परिकार) विवाहित छोरीचेली (छोरी, दिदीबहिनी, फूपू), मित/मितिनी र अन्य इष्टजनको घर पठाउने परम्परा रहेको छ । मिथिलामा दुई साताभन्दा बढी चल्ने यो क्रमलाई 'छठके सनेस' (छठको कोसेली) भनिन्छ । यसरी पठाइने कोसेली नयाँ पकाइए पनि छठमा सूर्यलाई देखाइएकोमध्ये केही मिसाएर 'सनेस' बनाइन्छ ।

केही दशकअघि मिथिला क्षेत्रको मुख्य पर्व मानिने छठ अब राष्ट्रिय पर्व नै बनेको छ । संघीय राजधानी काठमाडौं, मुख्य सहरमा केही वर्षयता उल्लासमय छठ मनाइँदै आइएको छ । पहाड, मधेसको सांस्कृतिक घुलमिलले छठ पर्वमात्र नभएर अन्य धेरै चाडपर्व साझा बन्दै गएका छन् । राष्ट्रिय एकताको भावना अझ मजबुत बन्न/बनाउन यसले मद्दत गरेको बुद्धिजीवी बताउँछन् ।

सूर्यदेव र उनकी पत्नी षष्ठी (मैथिली बोलीचालीमा छठी)को आराधना गरिने यो पर्वको प्रभावले रोग नलाग्ने, रोगव्याध निको हुने, सन्तान सुख प्राप्त हुने र अन्य मनोवाञ्छित फल प्राप्त हुने मैथिल जनविश्वास छ । मुख्यत यो व्रतको प्रभावले छालाजन्य रोग कहिल्यै नलाग्ने विश्वास गरिन्छ । छठ पर्वका अवसरमा संघीय सरकार र प्रदेश सरकारले सार्वजनिक बिदा दिँदै आएका छन् । *रासस*

# 'सिजन'मै आएनन् पर्यटक, 'होमस्टे' रित्तै



**दोधारा चाँदनी (कञ्चनपुर)–** भीमदत्त नगरपालिका–१४ स्थित नयाँगाउँका पर्शुराम राना शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकलाई जंगल सफारी गराउनुहुन्छ । रानाथारू घरबास (होमस्टे)का सञ्चालकसमेत रहेका उन 'सिजन'मा पर्यटक नआएपछि दुई वर्षयता निराश छन् ।

'दुई वर्षअघिसम्म दसैं–तिहारको समयमा थुप्रै पर्यटक शुक्लाफाँटा घुम्न आउनुहुन्थ्यो, हाम्रो होमस्टे पनि भरिभराउ हुन्थ्यो,' रानाले भने, 'पर्यटक आउने सिजनमै पर्यटक नआउँदा होमस्टे रित्तै छन् ।' उनले पर्यटक आउने समय दसैं–तिहारको समयमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा जंगल सफारी बन्द भएका कारण पर्यटक आउन नसकेको बताए ।

निकुञ्ज प्रशासनले गत असार १ देखि असोज १ गतेसम्म बर्सात्को समयमा जंगल सफारी बन्द गर्ने गर्दछ । विगतमा असोज १ गतेदेखि जंगल सफारी खुल्ने भए पनि दुई वर्षयता दसैं–तिहारको समयमा जंगल सफारी खुल्न नसकेको राना बताउँछन् । 'दसैं–तिहारको समयमा मात्र एक लाख रूपैयाँभन्दा बढी आम्दानी हुन्थ्यो,' रानाले भने, 'अहिले फाटफुट भारतीय पर्यटकमात्रै आएका छन् ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटक निकुञ्ज छेउमै रहेको रानाथारू होमस्टेमा बास बस्ने गरेको उनले बताए । 'समयमा निकुञ्ज सफारी नखुल्दा यस वर्ष सिजनमै पर्यटक आएनन्, अब फागुनपछि मात्रै पर्यटक आउँछन्,' रानाले भने, 'यहाँ आउने विदेशी तथा स्वदेशी पर्यटकले रानाथारूको संस्कृति र खाना मन पराउँछन् ।'

यहाँको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घुम्न आएका विदेशी पर्यटकको रोजाइ होमस्टे हुने गरेको भए पनि यस वर्ष विगतमा जस्तो उल्लेख्य पर्यटक नआएको रानाथारू होमस्टे सञ्चालक केशमती राना बताउँछिन् । 'ढिलो गरी निकुञ्ज सफारी खुल्दा पर्यटक आएनन्, विगतमा जस्तो संघसंस्थाहरूको भ्रमण पनि यस वर्ष भएन,' उनले भने, 'दसैं–तिहारको समयमा अग्रिम बुकिङ हुने हाम्रो होमस्टेमा अहिले एक/दुई जना भारतीय पर्यटकमात्रै छन् ।'

सिजनमै पर्यटक नआउँदा आम्दानी घटेपछि होमस्टे सञ्चालक निराश छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको बस्तीमा होमस्टे सञ्चालनमा आएपछि यहाँका स्थानीय रानाथारु समुदायको आयस्तरमासमेत वृद्धि हुन थालेको छ । होमस्टेमा आउँदा आफ्नो कला, संस्कृति र परम्पराको संरक्षण सँगसँगै प्रचारप्रसारसमेत हुने गरेको राना बताउँछिन् ।

वर्षाले बाटो बिग्रिएपछि गत असारमा बन्द भएको निकुञ्ज सफारी यस वर्ष ढिलोगरी खुला गरिएको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए । 'वर्षाले ब्रिगेको बाटो र पुल मर्मत गर्नुपर्ने भएकाले निकुञ्ज सफारी हुन सकेको थिएन,' उनले भने, 'अहिले पर्यटकका लागि निकुञ्जमा जंगल सफारी खुला गरिएको छ ।'

तीन सय पाँच वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाह्रसिंगेका लागि प्रसिद्ध मानिन्छ । निकुञ्जमा दुई हजार ३२३ बढी बाह्रसिंगे छन् । निकुञ्जभित्रका ताल र नदी आसपासमा विभिन्न प्रजातिका चराचुरंगी देख्न पाइन्छ । वन्यजन्तुमात्रै नभइ दुर्लभ वनस्पतिका लागि पनि शुक्लाफाँटा प्रसिद्ध छ । *रासस*

# बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाउने तयारी

**बागमती (प्रस)–** बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ । खर्च कटौती र आर्थिक मितव्ययी अपनाउने निर्णय गरेको प्रदेश सरकारले हाल कायम रहेको प्रदेश मन्त्रालयको संख्या १४ बाट सातमा झार्ने तयारी थालेको छ ।

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले प्रदेश सरकारलाई मन्त्रालयको संख्या घटाउन माग गर्दै केही दिनअघि ज्ञापनपत्र बुझाएको थियो । प्रमुख प्रतिपक्ष दलको ज्ञापनपत्रपश्चात् केही दिनअघि बसेको सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले संसदीय दलको संयुक्त बैठकमा प्रदेश सरकारको मन्त्रालय घटाउने विषयमा सहमति भएपछि सरकार मन्त्रालयको संख्या घटाउने गृहकार्यमा जुटेको हो ।

'सत्तारुढ दलको संयुक्त बैठकमा मन्त्रालयको संख्या घटाउने सैद्धान्तिक सहमति भएसँगै सरकारले एउटा समिति नै बनाएर यस विषयमा अध्ययन सुरु गरिसकेको छ,' मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भने, 'मन्त्रालयको संख्या कति घटाउने ? कुन–कुन मन्त्रालय राख्ने ? कुन–कुन मन्त्रालय समायोजन गर्ने, कर्मचारी व्यवस्थापन कसरी गर्नेलगायतका विषयमा समितिले अध्ययन गरिरहेको छ । प्रदेश सरकारको मन्त्रालयको घटाउने विषयमा दलहरू सहमत रहेकाले मन्त्रालयको संख्या घटाउने विषयमा ठोस निर्णयमा पुग्नका लागि हामीले प्रक्रिया सुरु गरिसकेका छौं ।'

खर्च कटौती र सुशासन प्रदेश सरकारको प्रमुख प्राथमिकता भएकाले मन्त्रालय र संरचनाको विषयमा दलहरूसँग छलफल गरेर साझा धारणा निर्माण गरी यसलाई तार्किक निष्कर्षमा पुऱ्याउने मुख्यमन्त्री बानियाँले बताए ।

'अहिलेको परिस्थिति फेरिएको छ, हामी केवल मन्त्रालयको संख्या घटाउने भनेर मात्र होइन, कसरी व्यवस्थापन गर्ने भन्नेमा केन्द्रित छौं,' उनले भने, 'पहिलो चरणमा दलीय सहमति जुटाउने र त्यसपछि विज्ञहरूको सुझाव सल्लाहअनुसार मन्त्रालयको संख्या घटाउने र व्यवस्थापन गर्ने निचोडमा पुग्छौं ।'

मन्त्रालयको संख्या घटाउने विषय विशुद्ध प्रशासनिक सुधार र वित्तीय अनुशासनसँग जोडिएको विषय भएकाले दलीय सहमतिकै आधारमा टुंगो लगाउने मुख्यमन्त्री बानियाँले बताए ।

# बाक्लो हिमपातले खुम्बुको जनजीवन प्रभावित



■ **सुवास दर्नाल**

**सोलुखुम्बु–** सगरमाथा क्षेत्रमा मंगलबार बिहानैदेखि बाक्लो हिमपात भएको छ । खुम्बु पासाङल्हामु गाउँपालिकाको दिङ्बोचेभन्दा माथिल्लो क्षेत्रमा हिउँ परिरहेको छ भने नाम्चेबजार र आसपासका तल्लो क्षेत्रमा वर्षा भइरहेको छ ।

सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले भने, 'दिङ्बोचेभन्दा माथि बाक्लो हिउँ परेको छ, तल्लो क्षेत्रमा वर्षा भइरहेको छ, पर्यटकहरू सबै होटलभित्रै छन् । बाहिर निस्कन सम्भव छैन ।'

हाल यस क्षेत्रमा करिब तीन हजारभन्दा बढी विदेशी पर्यटक रहेको अनुमान छ । सोमबारमात्रै करिब ८०० विदेशी पर्यटक काठमाडौंबाट लुक्ला आएका थिए । हिमपातका कारण बाटो नदेखिने हुँदा पर्यटकहरू हराउन सक्ने जोखिम भएकाले जिल्ला प्रशासन कार्यालयले पर्यटकहरूलाई यात्रामा ननिस्कन आग्रह गरेको छ । प्रमुख जिल्ला अधिकारी लिलाकुमारी केसी पाण्डेले भनिन्, 'मौसम प्रतिकूल भएकाले सबै पर्यटकलाई सुरक्षित रहन र होटल वा बस्तीमै बस्न अनुरोध गरिएको छ ।'

जिल्ला प्रशासनले उद्धार टोली तयारी अवस्थामा राखेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मनोजित कुँवरका अनुसार दिङ्बोचेमा अस्थायी प्रहरी पोस्ट छ, त्यहाँका प्रहरीसँग निरन्तर सम्पर्कमा रहेर पर्यटकहरूका बारेमा जानकारी लिने कार्य भइरहेको छ ।

दिङ्बोचेभन्दा माथि करिब दुई हजार विदेशी पर्यटक रहेको अनुमान गरिएको छ । लगातारको हिमपात र वर्षाले चिसो बढेको छ । खुम्जुङका स्थानीय पेम्बा शेर्पाले भने, 'आज (मंगलबार) बिहानदेखि निकै चिसो छ, हिउँले गाउँ ढाकेको छ, सबैजना घरभित्रै छौं ।' लगातारको हिमपातले खुम्बुक्षेत्रको जनजीवन प्रभावित भएको छ । पर्यटकको भीडले गुञ्जिने नाम्चेबजार सुनसान भएको छ । 'हिउँले सुन्दर दृश्य त दिएको छ, तर दैनिकी भने कठिन बनाइदिएको छ,' खुम्जुङकी शिक्षक कोपिला घतानीले बताइन् । *रासस*


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल, काठमाडौं

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८२/०७/१२)

यस अस्पतालबाट मिति २०८२/०४/१४ को नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना (IFB No: NTrC/G/NCB/01-082/83) अनुसार ई-विडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव (Technical Bids) मिति २०८२/०५/१३ मा खोलि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) (०४) बमोजिम मूल्यांकन हुँदा तपशिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राहि देखिएकोले सोहि नियमको उपनियम (५) बमोजिम मिति २०८२/०७/१९ गते दिनको २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

क्र.सं. १. आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाताहरू IFB No: NTrC/G/NCB/01-082/83/The Procurement of Supply and Delivery of Lounry Chemical)

1. Edward Trading Pvt.Ltd, Tripureshwor Kathmandu
2. Cleantech Pvt.Ltd., Charkhal, Kathmandu.

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

# प्रभाव दैनिक





### 'हिमालयन गोल्ड'को शुभ मुहूर्त

छायालय फिल्मसले 'हिमालयन गोल्ड' नामबाट फिल्म निर्माण गर्ने भएको छ । मंगलबार काठमाडौँस्थित कमलादी गणेस्थानमा शुभ मुहूर्त सहित फिल्मको घोषणा गरिएको हो । ह्वाइट एलिफन्ट मोशन पिक्चरको निर्माण सहकार्य रहने फिल्मको छायांकन आगामी नोभेम्बरदेखि सुरु हुनेछ । फिल्ममा परीक्षा लिम्बु, कर्मा, सुनील थापा, मेनुका प्रधान, साजन थापा मगर, अंकित खड्का, सुनील तामाङ, तेन्जिङ ठाकुरी, सबिता अधिकारी, ऋषिकेश बस्याल र राहुल मुखिया लगायत कलाकारको अभिनय रहने छ । फिल्ममा लेखन र निर्देशन धिराज राजवंशी हुन् ।




बुधबार, १२ कात्तिक २०८२ (Wednesday, 29 October 2025)


# सिने उद्योगमा 'अवार्ड'को प्रभाव



■ प्रभाव संवाददाता

**काठमाडौं–** सिने उद्योगमा कार्यरत चलचित्रकर्मीलाई प्रोत्साहन गर्न सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रचलन विश्वव्यापी रूपमा रहिआएको छ ।

राज्य तथा चलचित्रसम्बद्ध संघसंस्थाहरूले समेत कलाकर्मीलाई हौसला प्रदान गर्न 'अवार्ड'को व्यवस्था गरेको पाइन्छ । नेपालमा पनि यही उद्देश्यका साथ 'अवार्ड'को सुरुआत भएको चलचित्रकर्मी एवं अध्यताहरूको भनाइ छ ।

विसं २०४३ मा लायन्स क्लब काठमाडौँले आयोजना गरेको समारोह र प्रदान गरेको सम्मानलाई नेपालको पहिलो चलचित्रसम्बन्धी 'अवार्ड' मानिन्छ । उक्त समारोहमा चलचित्र 'कान्छी', अभिनेता शिव श्रेष्ठ र अभिनेत्री शर्मिला मल्ललाई सर्वोत्कृष्ट घोषित गरिएको थियो । त्यसपछिका वर्षहरूमा चलचित्र क्षेत्रमा क्रमश: भएको विकास, विस्तार र आकर्षणसँगै व्यावसायिक रूपमा फस्टाउँदै जाँदा 'अवार्ड' दिनेक्रम पनि बढ्दै गएको देखिन्छ ।

पछिल्ला वर्षहरूमा नेपालमा पनि विभिन्न नाम र विधामा 'अवार्ड' समारोह भइरहेका छन् । त्यसो त चलचित्रबाहेक अन्य विधामा पनि उत्तिकै संख्यामा 'अवार्ड' आयोजना भइरहेकै छन् । तर, यो क्रम बढे पनि प्रतिष्ठा बढाउन नसकेको गुनासो सुनिन्छ । धेरै 'अवार्ड' समारोहमा कसले के पाउँदैछ भन्ने अनुमान पहिल्यै लगाउन सकिने अवस्था छ । यो सबैमा लागू नभए पनि अधिकांशमा यस्तो प्रवृत्ति हावी भएको गुनासो सम्बद्ध क्षेत्रबाटै आएको देखिन्छ ।

चलचित्र निर्देशक पुर्नेन्दु झा 'अवार्ड' हुनु सकारात्मक भए पनि संख्याभन्दा गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड दिन्छन् । उनले भने, 'अवार्डले उद्योगलाई चलायमान बनाएको छ, तर व्यावसायिक उपलब्धि हासिल भएकोजस्तो लाग्दैन । प्रतिष्ठित अवार्ड निरन्तर हुनु राम्रो हो, तर विश्वसनीयता भने घट्न दिनुहुँदैन ।'

चलचित्र मनोरञ्जनको माध्यम भए पनि यसको सम्बन्ध देश, अर्थ, समाज र कला-संस्कृतिसँग जोडिन्छ । त्यसैले यससँग सम्बन्धित गतिविधिको चर्चा हुने गर्छ । नेपालमा आयोजना हुने अवार्डहरूमा नेपाल सरकारद्वारा प्रदान गरिने राष्ट्रिय दीर्घसाधना सम्मान, नेपाल चलचित्र प्राविधिक संघको 'नेफ्टा अवार्ड', 'डिजिटल सिने अवार्ड', कामना फिल्म अवार्ड, एलजी सिने सर्कल अवार्ड, बक्स अफिस फिल्म अवार्ड लगायत छन् ।

प्राय: अवार्ड नेपालमै आयोजना हुने गरेका छन् भने केही विदेशमा पनि हुन्छन् । नेपाली चलचित्रको बजार विस्तारका लागि केही अवार्ड विदेशमा आयोजना गर्ने गरिन्छ । पछिल्लो वर्षदेखि बेलायतको लन्डन सहरमा नेपाली चलचित्रलाई प्रवर्द्धन गर्ने उदेश्यले 'इन्टरनेशनल नेपाली फिल्म अवार्ड (इन्फा)' आयोजना भइरहेको छ ।

यस्ता, अवार्डले नेपाली चलचित्रको गतिविधि देखाउनुका साथै आकर्षण बढाउने इन्फा अवार्डका संयोजक मनिष कार्कीले बताए । 'हामीले बेलायतमा नेपाली चलचित्रको बजार बढाउने उद्देश्यले अवार्डको सुरुआत गरेका छौँ । हामीले नेपालबाट कलाकार लगेर त्यहाँ गर्ने अवार्डले थोरै भए पनि बजार बढाउन मदत गरेको, नेपाली चलचित्रलाई प्रवर्द्धन गरेको प्रतिक्रिया हामीले पाएका छौँ । गतिविधि बढेमा त्यसले चलचित्रप्रति पक्कै आकर्षण बढाउँछ', संयोजक कार्कीले भने ।

उनले इन्फा अवार्डको दोस्रो संस्करण आगामी कात्तिक २९ मा लन्डनमा हुने र नेपालबाट ४० को हाराहारीमा कलाकार सहभागी हुने जानकारी दिए । विदेशमा अवार्ड आयोजना गर्नेक्रम बढेता पनि काठमाडौँबाहेक नेपालकै अन्य सहरमा यस्ता समारोह कम हुन्छन् । कोशी र मधेस प्रदेशका केही स्थानमा नेपाली फिल्म राम्रोसँग प्रदर्शन हुँदैनन् ।

तराईका विराटनगर, जनकपुर, मलंगवालगायत सहरमा भोजपुरी चलचित्रको वर्चस्व छ । निर्देशक झाले ती बजारलाई नेपाली चलचित्रमैत्री बनाउन तीनै तहका सरकारको भूमिका महत्वपूर्ण हुने बताए । 'निजी क्षेत्रको प्रयास भए पनि सरकारी भूमिका प्रभावकारी हुनुपर्छ । विदेशमा गरिने अवार्डलाई हाम्रै तराई क्षेत्रस्थित सहरमा गरे बजार र निर्माणमा टेवा पुग्छ', उनले भने ।

वार्डको संख्या बढ्दै जाँदा गुणस्तर खस्किएको छ । पहिलेका अवार्डले रौनक ल्याउथे र पाउनेको 'करिअरमा' प्रभाव पर्थ्यो । तर, अहिले सकारात्मक सन्देश प्रवाह हुन सकेको छैन । सङख्या बढ्नु नराम्रो होइन, तर गुणस्तर र विश्वसनीयता कायम गर्न नसक्दा अवार्डको विश्वसनीयता गुम्दै गएको छ ।

विश्वभर प्रदान गरिने अवार्डमा विवाद हुनु सामान्य भए पनि 'ओस्कार' र 'कान्स'जस्ता अवार्डको पारदर्शी प्रक्रिया र स्पष्ट मापदण्डका कारण विश्वसनीय देखिन्छ । तर, नेपालमा आयोजकको नियतसहित निर्णायकमण्डलको क्षमता र स्पष्ट मापदण्डको अभावमा 'अवार्ड' मर्यादित हुन नसकेको आमचलचित्रकर्मीको भनाइ छ ।

# 'वरिष्ठ बलराम'ले कमायो दुई करोड




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'वरिष्ठ बलराम'ले दुई करोड रूपैयाँ ग्रस कलेक्सन गरेको छ । पाँच दिनमा 'वरिष्ठ बलराम'ले दुई करोड रूपैयाँ ग्रस कलेक्सन गरेको हो ।

कात्तिक ६ गते रिलिज भएको 'वरिष्ठ बलराम'ले कात्तिक १० गतेसम्म दुई करोडभन्दा माथि ग्रसकलेक्सन गरेको निर्माता आशिष एच तामाङले जानकारी दिए ।

'हालसम्म हाम्रो चलचित्रले पाँच दिनमा दुई करोडभन्दा माथि ग्रस कलेक्सन गरेको छ,' निर्माता तामाङले भने, 'अहिले पनि उच्च अकुपेन्सीमा हाम्रो चलचित्र चलिरहेको छ ।'

भावनात्मक सम्बन्ध र स्थानीयस्तरमा हुने दादागिरीलाई दर्शकले मन पराइरहेको उनले जानकारी दिए । 'रगतको मात्रै होइन भावनात्मक सम्बन्ध पनि त्यति नै प्रगाढ हुन्छ भन्ने सिनेमाको सन्देश दर्शकले निकै धेरै मन पराइरहनु भएको छ,' निर्माता तामाङले भने, 'स्थानीय स्रोतसाधनको दोहन र लभस्टोरी पनि मन पराइदिनुभएको छ ।'

दयाहाङ राई र विजय बराललाई फरक तरिकाले प्रस्तुत गरेको पनि दर्शकले खुलेर तारिफ गरिरहेको उनले बताए ।

चलचित्र 'वरिष्ठ बलराम'लाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन् । वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्म्सको सहकार्यमा बनेको चलचित्रमा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके)लगायत कलाकारहरूको अभिनय छ ।

चलचित्रको कथा र सम्पादन निर्देशक पौडेलकै रहेको छ भने पटकथा महेश दवाडीले लेखेका हुन् । निर्मातामा आशिष एच तामाङ र श्रीराज कार्की, कार्यकारी निर्मातामा प्रदीप जी धामी र पुष्कर बी. घिमिरे छन् । लाइन प्रोड्युसर राम विष्ट हुन् ।

मनकृष्ण महर्जनको छायांकन, प्रशान्त सिवाकोटीको संगीत, सम्राट बस्नेतको एक्सन निर्देशन र प्रदीप लामाको नृत्य निर्देशन रहेको चलचित्रलाई उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युसनले वितरण गरेको छ ।

## रंगशाला

**काभा भलिबल**

# नेपाललाई पाँचौं स्थान



**काठमाडौं (प्रस)–** नेपालले सेन्ट्रल एसिया भलिबल संघ (काभा) कप पुरुष भलिबल प्रतियोगितामा पाँचौं स्थान हासिल गरेको छ ।

मंगलबार ढाकास्थित शहिद सुह्रवर्दी इन्डोर रंगशाला मंगलबार पाँचौ स्थानको लागि भएको प्लेअफ खेलमा नेपालले माल्दिभ्सलाई ३-१ को सेटमा पराजित गऱ्यो । नेपालले सुरुआती दुई सेट २९-२७, २५-२० ले आफ्नो पक्षमा पारेको थियो ।

निकै प्रतिस्पर्धात्मक तेस्रो सेट भने नेपालले ३५-३७ ले गुमायो । सुरुवात देखि नै हावी बनेको चौथो सेटमा नेपाल २५-१९ ले विजयी भयो ।

प्रतियोगितामा नेपालले माल्दिभ्सलाई दोस्रो पटक हराएको हो । लिग चरणमा पनि नेपालले माल्दिभ्सलाई ३० को सोझो सेटमा पराजित गरेको थियो ।

लिग चरणमा नेपालले तुर्किमिनिस्तान, अफगानिस्तान र श्रीलंकासँग समान ३-० तथा बंगलादेशसँग ३-२ सेटको हार बेहोरेको थियो ।

# एरिका र प्रशिक्षक कुशल सम्मानित

**काठमाडौं (प्रस)–** नेपाल सितोरियो कराते संघले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी एरिका गुरुङ र प्रशिक्षक कुशल श्रेष्ठलाई सम्मान गरेको छ । संघले एरिकालाई १ लाख र कुशललाई ५० हजार रूपैयाँ नगदसहित सम्मान गरेको हो । एरिकाले चीनको हाङ्झाउमा सम्पन्न सन् २०२२ को एसियाली खेलकुदमा महिला कुमुते ६८ किलोमाथिको तौल समूहमा रजत पदक जितेकी थिइन् ।

उक्त समूहको सेमिफाइनलमा उनले हङकङकी यान काइ होलाई ८-४ को अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेकी थिइन् । एरिकाको यो पदक २५ वर्षपछि एसियाली खेलकुदमा व्यक्तिगत प्रतिस्पर्धामा नेपालको तेस्रो रजत पदक हो ।

साथै, यो १९औं एसियाली खेलकुदमा नेपालको एकमात्र रजत पदक पनि हो । सन् २०२४ मा अमेरिकामा आयोजित यूएस ओपन इन्टरनेसनल कराते च्याम्पियनसिपमा उनले स्वर्ण र रजत दुवै पदक जितेकी थिइन् ।

उाले यसवर्ष अस्ट्रेलियन ओपन कराते च्याम्पियनसिपमा स्वर्ण पदक जितेर फेरि नेपाललाई गौरवान्वित बनाएकी छन् । त्यस्तै, २०२५ जुन ३ मा उनले मोरक्कोको राबातमा सम्पन्न कराते-१ प्रिमियर लिगमा ऐतिहासिक उपलब्धि हात पार्दै नेपालका लागि पहिलोपटक पदक जितिन् ।

महिला कुमुते ६८ किलोमाथि समूहमा प्रतिस्पर्धा गर्दै उनले फ्रान्सकी पिया क्लेमेंसलाई रिपिचाज राउन्डमा ६-२ ले पराजित गर्दै कांस्य पदक जितेकी थिइन् । यो नेपालको कराते इतिहासकै सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय सफलता मानिएको छ । अब उनले इजिप्टको कायरोमा विश्व कराते च्याम्पियनसिप खेल्नेछिन् । यी सबै सफलतामा कुशल उनको प्रशिक्षक हुन् ।

# लुम्बिनी लायन्ससँग जोडियो शाइन रेसुंगा

■ प्रभाव संवाददाता

**बुटवल–** नेपाल प्रिमियर लिग (एनपीएल)को फ्रेन्चाइजी लुम्बिनी लायन्सले शाइन रेसुंगा डेभलपमेन्ट बैंकलाई 'होम बैंक पार्टनर' छनोट गरेको छ । शाइन रेसुङ्गा बैंकले लुम्बिनीको बुटवलमा केन्द्रीय कार्यालय राखेर देशभर सेवा सञ्चालन गरिररहेको छ । मोफसलमा केन्द्रीय कार्यालय राखेर सेवा दिने शाइन रेसुङ्गा एकमात्र बैंक हो ।

सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरु र लुम्बिनी



लायन्सका म्यानेजर लक्ष्मणदेव आचार्यले हस्ताक्षर गरेका छन् ।

बैंकसँगको साझेदारीले खेलाडीमा लगानी गर्न सहज भएको र टिमकै हौसला बढेको आचार्यले बताए ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पनेरुले क्रिकेट खेलको विकास र खेलाडीको प्रोत्साहनका लागि प्रदेशको प्रतिनिधित्व गर्ने टिमसंग सहकार्य गरेको बताए ।

बैंकका चिफ ब्राण्डिङ अफिसर प्रभास राईले नेपालकै प्रतिष्ठित क्रिकेट प्रतियोगितामा खेल्ने टिम लुम्बिनी लायन्ससँग बैंकको साझेदारीले समग्र लुम्बिनी प्रदेशको ब्राण्डिङ र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास लिएको बताए ।

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा आगामी मंसिर १ देखि २७ गतेसम्म नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करण सुरु हुँदैछ ।

# चार विधामा 'गलकोट कप' भलिबल

**गण्डकी (प्रस)–** जिल्ला भलिबल संघ बागलुङको आयोजना र गलकोट नगर भलिबल संघको संयोजनमा यही कात्तिक १७ देखि ३० गतेसम्म विभिन्न चार विधामा 'गलकोट कप' भलिबल प्रतियोगिता सञ्चालन हुने भएको छ ।

खुला वडास्तरीय पुरुष भलिबल, खुला पालिकास्तरीय महिला भलिबल, भेट्रान्स कप र माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गर्न लागिएको गलकोट नगर भलिबल संघका अध्यक्ष एवं कार्यक्रम संयोजक होमबहादुर थापाले जानकारी दिए ।

गलकोट-६ बसाहफाँटमा सञ्चालन हुने चारवटै विधाका प्रतियोगितामा अहिलेसम्म ५१ समूह सहभागी हुने निश्चित भइसकेको उनले बताए । उनका अनुसार भेट्रान्स कपका लागि १६, खुला वडास्तरीय पुरुष भलिबलमा १२, माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबलमा १६ र खुला पालिकास्तरीय महिला भलिबल प्रतियोगितामा सात समूह सहभागी हुनेछन् ।

खुला प्रतियोगिता भएकाले जुनसुकै जिल्लाका पालिका र वडाका समूहले सहभागिता जनाउन सक्ने अध्यक्ष थापाले बताए । प्रतियोगिताको खुला पुरुषतर्फको खेलका विजेताले ट्रफी र मेडलसहित रु दुई लाख एक हजार १११, उपविजेताले रु एक लाख एक हजार १११ र तेस्रो हुनेले रु ५१ हजार १११ पुरस्कार प्राप्त गर्नेछन् ।

भेट्रान्स कप भलिबको विजेताले ट्रफी र मेडलसहित रु एक लाख, उपविजेताले रु ६० हजार र तेस्रो स्थान हासिल गर्नेले रु ३५ हजार पुरस्कार प्राप्त गर्नेछन् । खुला पालिकास्तरीय महिला भलिबल प्रतियोगिताका विजेताले ट्रफी र मेडसहित रु ५१ हजार १११, उपविजेताले रु ३० हजार १११ र तृतियले रु १५ हजार १११ प्राप्त गर्नेछन् ।

माध्यमिक विद्यालयस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेतालाई ट्रफी र मेडलसहित रु ३५ हजार, उपविजेतालाई रु २० हजार र तृतीयलाई रु १० हजार पुरस्कार प्रदान गरिने कार्यक्रम संयोजक थापाले बताए । उक्त अवसरमा विविध खेलकुद तथा सांस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको उनको भनाइ छ ।

सामूहिक लोकनृत्य प्रतियोगिता, एकल नृत्य प्रतियोगिता, खुला डबल ब्याडमिन्टन प्रतियोगिता, आमासमूहस्तरीय पञ्चेबाजामा नृत्य प्रतियोगिता र माछा छोप्ने प्रतियोगिता आयोजना गरिएको छ ।

सामूहिक लोकनृत्य प्रतियोगिताको प्रथम, द्वितीय र तृतीय पुरस्कार क्रमशः रु २५ हजार, रु १५ हजार र रु सात हजार राखिएको छ । एकल नृत्यतर्फ रु १५ हजार, रु १० हजार र रु सात हजार राखिएको छ । डबल ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुनेलाई रु ३५ हजार र दोस्रो हुनेलाई रु २० हजार प्रदान गरिनेछ । पञ्चेबाजामा हुने नृत्यमा प्रथम हुनेलाई रु १० हजार, दोस्रो हुनेलाई रु पाँच हजार र तेस्रो हुनेलाई रु दुई हजार ५०० पुरस्कारको व्यवस्था गरिएको छ ।

स्थानीय दरमखोलामा हुने माछा छोप्ने (हत्केला खेल्ने) प्रतियोगिताका विजेतालाई रु १० हजार पुरस्कार प्रदान गरिने कार्यक्रम संयोजक थापाले बताए । कार्यक्रम अवधिभर विभिन्न विधाका कलाकारको सांगीतिक प्रस्तुति रहने उनले उल्लेख गरे ।



पूर्वी चीनको शानडोङ प्रान्तको क्विङदाओस्थित एक सेवागृहमा वृद्धवृद्धाहरूसँग मिलेर प्रस्तुति दिँदै स्वयंसेवक । *तस्बिरः सिन्ह्वा*

# ट्रम्प–ताकाइचीले गरे ‘नयाँ स्वर्ण युग’को घोषणा

**टोकियो–** अमेरिकासँग महत्त्वपूर्ण खनिज सुरक्षा सम्झौता गर्नुअघि जापानकी नयाँ प्रधानमन्त्री साने ताकाइचीले मंगलबार टोकियोमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ताका क्रममा दुवै देशबीचको सम्बन्धलाई ‘नयाँ स्वर्ण युग’ मा प्रवेश गराउने वाचा गरेकी छन् ।

जापानकी पहिलो महिला प्रधानमन्त्री ताकाइचीले ट्रम्पको द्वन्द्व मध्यस्थतामा भूमिकाको प्रशंसा गर्दै उनलाई नोबेल शान्ति पुरस्कारका लागि सिफारिस गर्ने तयारी भइरहेको ह्वाइट हाउसले जानकारी दिएको छ । एसिया भ्रमणको दोस्रो चरणमा जापान आइपुगेका राष्ट्रपति ट्रम्पले ताकाइचीसँगको भेटमा जापानलाई ‘सबैभन्दा बलियो सहयोगी’ भन्दै व्यापार र सुरक्षामा सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाए ।



‘हामी सबैभन्दा उच्चस्तरका सहयोगी हौं र तपाईंसँग काम गर्न पाउनु मेरो लागि सम्मान हो,’ ट्रम्पले ताकाइचीलाई सम्बोधन गर्दै भने । ताकाइचीले थाइल्याण्ड-कम्बोडिया युद्धविराम र गाजा सम्झौतामा ट्रम्पको प्रयासलाई ‘ऐतिहासिक उपलब्धि’ भन्दै प्रशंसा गरिन् । उनले जापान-अमेरिका गठबन्धनलाई ‘बलियो र समृद्ध स्वर्ण युग’ मा रूपान्तरण गर्ने दृढता व्यक्त गरिन् ।

दुवै नेताले महत्त्वपूर्ण खनिज र दुर्लभ पृथ्वीको आपूर्ति शृंखला सुदृढ पार्ने सम्झौतामा हस्ताक्षर गरे । यो सम्झौता चीनले दुर्लभ पृथ्वी उद्योगमा लगाएको प्रतिबन्ध र अमेरिकी आयातमा ट्रम्पले घोषणा गरेको १०० प्रतिशत करको प्रतिक्रियामा आएको हो । ट्रम्पले जापानी खेलाडी ओहतानी र यामामोटोको वर्ल्ड सिरिज खेल हेर्दा ढिलो भएको भन्दै क्षमायाचना पनि गरे ।

मलेसियाको भ्रमणपछि र चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको दक्षिण कोरियाली वार्ताअघि टोकियो आइपुगेका ट्रम्पको यो भेटले व्यापार तनाव घटाउने आशा जगाएको छ । टोकियो विश्वविद्यालयका प्राध्यापक यी कुआङ हेङका अनुसार ताकाइचीले रक्षा बजेट कूल गार्हस्थ उत्पादन (जिडिपी) को दुई प्रतिशतमा पुऱ्याउने लक्ष्य अगाडि सारेर अमेरिकाको दबाब घटाउने प्रयास गरेकी छन् । जापानमा करिब ६० हजार अमेरिकी सैनिक तैनाथ छन् र वासिङ्टनले टोकियोलाई अझ बढी खर्च गर्न आग्रह गरेको छ ।

ताकाइचीले गत हप्ता प्रधानमन्त्रीका रूपमा पदभार ग्रहण गरेकी थिइन् । उनले चीनसँग बढ्दो तनावबीच जापानले बलियो रक्षा नीति अवलम्बन गर्ने बताएकी छन् । ट्रम्पले मंगलबार योकोसुकास्थित अमेरिकी विमानवाहक जहाज युएसएस जर्ज वासिङ्टनमा सैनिकहरूलाई सम्बोधन गरे र टोयोटाका अध्यक्षसहित व्यापारिक नेताहरूसँग रात्रिभोजमा सहभागी भए ।

अमेरिकामा जापानी आयातमाथि अहिले १५ प्रतिशतसम्म भन्सार शुल्क लगाइएको छ । यसले सेप्टेम्बरमा अमेरिकी कार निर्यातमा २४ प्रतिशत गिरावट ल्याएको छ । जापानको कार उद्योगले देशको करिब आठ प्रतिशत रोजगारी प्रदान गर्छ । ह्वाइट हाउसका अनुसार जुलाईमा तय गरिएको व्यापार सम्झौताअन्तर्गत जापानले अमेरिकामा पाँच खर्ब ५० अर्ब डलर लगानी गर्ने छ ।

पूर्वप्रधानमन्त्री सिन्जो आबेसँग ट्रम्पको घनिष्ठ सम्बन्ध रहेकाले ताकाइचीका लागि नयाँ सम्बन्ध स्थापनामा चुनौती हुने अनुमान गरिएको छ । ट्रम्पले ताकाइचीलाई ‘मेरो मित्र आबेका महान उत्तराधिकारी’ भन्दै प्रशंसा गरेका छन् । अब ट्रम्पको मुख्य लक्ष्य चीनसँगको व्यापार सम्झौता हो । उनले बिहीबार दक्षिण कोरियामा चिनियाँ राष्ट्रपति सीसँग प्रत्यक्ष भेटवार्ता गर्ने तयारी गरेका छन् र त्यसपछि उत्तर कोरियाली नेता किम जोङ उनसँग सम्भावित भेटको संकेत दिएका छन् । *रासस/एएफपी*

# चीन र आसियानबीच ‘स्वतन्त्र व्यापार’ सम्झौतामा हस्ताक्षर

**क्वालालम्पुर–** चीनले मंगलबार दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान)सँग स्वतन्त्र व्यापार सम्झौताको विस्तारित संस्करणमा हस्ताक्षर गर्दै आफूलाई अमेरिकी संरक्षणवादी नीतिको विकल्पका रूपमा प्रस्तुत गरेको छ ।




चिनियाँ प्रधानमन्त्री ली किआङले आसियान-चीन शिखर सम्मेलनमा विश्वव्यापी आर्थिक अनिश्चितता पार गर्न घनिष्ठ सहकार्यको आवश्यकता औंल्याए र ‘एकताको सट्टा टकरावले कसैलाई फाइदा नहुने’ बताए । ‘एकता नै शक्ति हो,’ लीले राष्ट्रपथि सी चिनफिङको यसअघि गरिएको भनाइ उद्धृत गर्दै भने । उनले अमेरिकी आर्थिक जबरजस्ती र हस्तक्षेपको आलोचना गर्दै क्षेत्रीय सहयोगले साझा हित सुरक्षित गर्न सक्ने धारणा प्रस्तुत गरे ।

तर फिलिपिन्सका राष्ट्रपति फर्डिनाण्ड मार्कोस जुनियरले चीनप्रतिको सावधानीपूर्ण दृष्टिकोण अपनाउँदै ‘सहयोग जबरजस्तीको साथमा हुन सक्दैन’ भन्दै चेतावनी दिए । नयाँ सम्झौता ‘आसियान-चीन स्वतन्त्र व्यापार क्षेत्र ३.०’ का रूपमा चिनिएको छ । यो सम्झौताले दुई अर्बभन्दा बढी जनसंख्या भएको बजारलाई जोड्ने छ । यसले सामानमा कर घटाउने, लगानी र सेवा प्रवाह सहज पार्ने र आपूर्ति शृंखला मजबुत बनाउने लक्ष्य राख्दछ । सन् २००२ मा पहिलोपटक हस्ताक्षर गरिएको यो सम्झौता सन् २०१० मा लागू भएको थियो ।

अहिलेसम्म दुईतर्फी व्यापार सन् २०१० को दुई खर्ब ३५ अर्ब डलरबाट बढेर गत वर्ष झण्डै १० खर्ब डलर पुगेको छ । आसियान र चीन एक-अर्काका प्रमुख व्यापारिक साझेदार हुन् । ली किआङले आसियान सदस्यहरू (ब्रुनाई, कम्बोडिया, इण्डोनेसिया, लाओस, मलेसिया, म्यान्मा, फिलिपिन्स, सिंगापुर, थाइल्याण्ड, भियतनाम र पूर्वी टिमोर)लाई ‘भूगोल, संस्कृति र भावना नजिकका भाइ राष्ट्रहरू’ भन्दै संयुक्त प्रगतिको आह्वान गरे ।

उनले भने, ‘एकपक्षीयता र संरक्षणवादले विश्वव्यापी व्यापार संरचनामा गम्भीर असर पुऱ्याएको छ, तर हामी पारस्परिक भरोसा र समन्वयद्वारा हाम्रो वैध अधिकार र चासोको रक्षा गर्न सक्छौं ।’ राजनीतिक विश्लेषक ब्रिजेट वेल्शका अनुसार अद्यावधिक सम्झौताले आपूर्ति शृंखला र दिगोपनमा क्षेत्रीय लाभ पुऱ्याउने छ । उनले भने, ‘यो सम्झौताले विश्वव्यापी वास्तविकतालाई पनि प्रतिविम्बित गर्छ, जहाँ गैरअमेरिकी देशहरू आफ्नो समृद्धिका लागि नयाँ व्यापार सहकार्यतर्फ उन्मुख छन् ।’

मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले आसियानको सन्तुलित नीति दोहोऱ्याउँदै भने, ‘हामी हिजो अमेरिकाका राष्ट्रपति ट्रम्पसँग थियौं, आज चीनसँग छलफल गर्दै छौं-यसले आसियानको केन्द्रीय भूमिका र सन्तुलित कूटनीति देखाउँछ ।’ हाल चीन र अमेरिकाबीच बढ्दो व्यापार तनावका बीच बिहीबार दक्षिण कोरियामा हुने राष्ट्रपति ट्रम्प र सी चिनफिङबीचको भेटवार्ताले द्वन्द्व शान्त पार्ने अपेक्षा गरिएको छ । आसियान-चीन स्वतन्त्र व्यापार क्षेत्र ३.० अन्तर्गत डिजिटल व्यापार, हरित अर्थतन्त्र, दिगोपन र साना-मध्यम उद्योगहरूको प्रवर्द्धनमा जोड दिइने छ । यसले गैरकर अवरोधहरू घटाउने र साना व्यवसायका लागि बजार पहुँच सुधार्ने छ ।

तर दक्षिण चीन सागरमा विवाद झन् तातिएको छ । फिलिपिन्सका राष्ट्रपति मार्कोसले समुद्री क्षेत्रमा चीनको ‘खतरनाक कार्य र उत्पीडन’ प्रति गम्भीर चिन्ता जनाउँदै भने, ‘समुद्री वातावरणको संरक्षणका नाममा कुनै पनि कदम सार्वभौमसत्तामाथि आक्रमण हुन सक्दैन ।’ मार्कोसले आगामी वर्ष आसियान अध्यक्षता सम्हाल्दै विवादित जलक्षेत्रमा आचारसंहिता निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता जनाए । यसबीच, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुले फिलिपिन्समाथि ‘समुद्रमा उक्साहट र उल्लंघन’ गरेको आरोप लगाउँदै तनाव बढाएको दाबी गरे । विश्लेषक वेल्शले भने, ‘दक्षिण चीन सागर विवादलाई क्षेत्रीय देशहरूले सुरक्षा विषयका रूपमा लिन्छन्, तर त्यसले चीनसँगको आर्थिक सम्बन्धमा ठूलो असर पार्ने सम्भावना कम छ ।’ *रासस/एपी*

पूर्वप्रधानमन्त्री आबे हत्या प्रकरण

# अभियुक्त यामागामीमाथि सुनुवाइ सुरु

**टोकियो–** जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको हत्या अभियोगको मुद्दा मंगलबारदेखि टोकियोमा औपचारिक रूपमा सुरु भएको छ । यस ऐतिहासिक प्रकरणमा अभियुक्त ४५ वर्षीय तेत्सुया यामागामीमाथि घरेलु हतियार प्रयोग गरी पूर्वप्रधानमन्त्रीको हत्या गरेको आरोप लगाइएको छ ।

मुद्दाको पहिलो दिन यामागामी अदालतमा उपस्थित हुँदा उनी कालो टप र खैरो पाइन्टमा देखिएका थिए । लामो कपाललाई पोनीटेलमा बाँधेका यामागामीले अभियोजकहरूले पढेका आरोपहरूमा आफू दोषी ठहर भएको कुरा जापानी प्रसारक एनएचकेले उल्लेख गरेको छ ।

आबे सन् २०२२ मा निर्वाचन प्रचारका क्रममा नारा सहरमा भएको गोलीकाण्डमा मारिएका थिए । यामागामीले आफ्नो बयानमा बताएअनुसार उनले आबेप्रति व्यक्तिगत वैरभावले नभई बरु विवादास्पद युनिफिकेसन चर्चप्रति आक्रोशका कारण आक्रमण गरेका हुन् । उक्त चर्चसँग आबे र अन्य जापानी राजनीतिज्ञहरूको निकट सम्बन्ध रहेको विश्वास उनले गरेका थिए ।

सन् १९५४ मा दक्षिण कोरियामा स्थापना भएको युनिफिकेसन चर्चले दशकौंदेखि जापानमा विवाद र कानुनी चुनौतीको सामना गर्दै आएको छ । अभियुक्तका अनुसार, चर्चमा आमाले गरेको ठूलो आर्थिक अनुदानका कारण परिवार आर्थिकरूपमा ध्वस्त भएको थियो, जसले उनलाई प्रतिशोधी कदम चाल्न प्रेरित गऱ्यो ।

यो मुद्दा जापानका युद्धपछिका राजनीतिक इतिहासका सबैभन्दा चर्चित घटनामध्ये एक बनेको छ । आबे जापानका सबैभन्दा लामो समयसम्म सेवा गर्ने प्रधानमन्त्री थिए र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग उनको विशेष सम्बन्ध थियो । नयाँ प्रधानमन्त्री सानाए ताकाइचीले पनि मंगलबार ट्रम्पसँगको भेटमा आबेलाई ‘महान मित्र’ भन्दै श्रद्धाञ्जलि अर्पण गरेकी थिइन् ।

क्योदो समाचार एजेन्सीका अनुसार यो मुद्दा डिसेम्बरको मध्यसम्म टुंगिने अपेक्षा गरिएको छ । युनिफिकेसन चर्च अहिले पनि जापानमा सयौं कानुनी मुद्दाहरूमा संलग्न छ । यसले आफ्ना सदस्यहरूलाई बचत र सम्पत्ति दान गर्न दबाब दिएको आरोप लगाइएको छ । दशकौंसम्म राजनीतिक संरक्षणका कारण चर्च जाँचबाट प्रायः उम्कँदै आएको बताइन्छ ।

आबे हत्या प्रकरणलाई जापानको सामाजिक, धार्मिक र राजनीतिक सम्बन्धका जटिल पक्षहरू उजागर गर्ने एउटा गम्भीर मोडका रूपमा हेरिएको छ । *रासस/एपी*

पूर्वी एसिया शिखर सम्मेलन

# विपद् लचिलोपनका लागि स्थानीयकरणको पक्षमा ऐतिहासिक वक्तव्य

**क्वालालम्पुर–** मलेसियाको क्वालालम्पुरमा भएको २० औं पूर्वी एसिया शिखर सम्मेलन (इएएस) का नेताहरूले सोमबार विपद् तयारी र प्रतिक्रियामा स्थानीयकरण प्रवर्द्धन गर्ने ऐतिहासिक वक्तव्य पारित गरेका छन् । उक्त वक्तव्यले विपद् सामना र लचिलोपन निर्माणका लागि स्थानीय क्षमता र सामुदायिक सशक्तीकरणलाई प्राथमिकता दिन सहभागी देशहरूको साझा प्रतिबद्धता पुनः पुष्टि गरेको छ ।

मलेसियाको आसियान अध्यक्षतामा पारित वक्तव्यले विश्वव्यापीरूपमा बढ्दो वातावरणीय जोखिम, तीव्र सहरीकरण र सामाजिक-आर्थिक चुनौतीहरूलाई मध्यनजर राख्दै प्रभावकारी क्षेत्रीय सहकार्यको आवश्यकता औंल्याएको छ । नेताहरूले सन् २००९ को चा-आम हुआ हिन वक्तव्य र सन् २०१४ को द्रुत विपद् प्रतिकार्य वक्तव्यसहितका अघिल्ला प्रतिबद्धता स्मरण गर्दै तयारी, प्रतिक्रिया र पुनःप्राप्तिमा स्थानीय सहभागिता बढाउनेमा जोड दिएका छन् ।

स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र संस्थाहरूको सक्रिय सहभागिता प्रकोप व्यवस्थापनमा प्रभावकारी संयन्त्र सावित भएको वक्तव्यमा उल्लेख छ । आसियानको एएडिएमइआर, ‘वन आसियान, वन रिस्पोन्स’ घोषणा र सेण्डाई फ्रेमवर्क (२०१५-२०३०) जस्ता क्षेत्रीय तथा विश्वव्यापी ढाँचामा पनि स्थानीयकरणलाई प्रमुख सिद्धान्तका रूपमा मान्यता दिइएको छ ।

इएएस नेताहरूले स्थानीय अग्रिम कार्यलाई सशक्त बनाउने, जोखिम-सूचित लगानीमा जोड दिने र समयमै चेतावनी प्रणाली विकास गर्ने आवश्यकतामा बल दिए । विज्ञान र प्रविधिमा आधारित जोखिम मूल्यांकन, जिआइएस प्रविधि र एआई-सञ्चालित पूर्वानुमान मोडेलमार्फत समुदायहरूलाई सचेत बनाउने पहललाई पनि प्रोत्साहन गरिएको छ ।

वक्तव्यले स्थानीय अधिकारी र समुदायहरूलाई आपत्कालीन प्रतिक्रिया, पुनःप्राप्ति र पुनर्निर्माणमा केन्द्रीय भूमिका दिनुपर्नेमा जोड दिएको छ । साथै, आसियान, निजी क्षेत्र, शैक्षिक संस्था, गैरसरकारी संगठन र रेडक्रस/रेड क्रिसेन्ट मुभमेन्टबीच सहकार्य सुदृढ पार्न आह्वान गरिएको छ ।

इएएस सदस्य राष्ट्रहरूले द्रुत निर्णय, समयमै अग्रिम कार्य र वित्तीय संयन्त्र सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन् । तिनीहरूले स्थानीय ज्ञान र सांस्कृतिक अभ्यासलाई विपद् प्रतिक्रियामा उपयोगी सम्पदा मान्दै पहिलो उत्तरदाताका रूपमा समुदायहरूको भूमिकालाई सम्मान गरेका छन् । क्वालालम्पुरमा पारित उक्त वक्तव्यले स्थानीय सशक्तीकरण, सहकार्य र अग्रिम कार्यद्वारा प्रकोप-लचिलो पूर्वी एसिया निर्माण गर्ने साझा दृष्टिकोणलाई पुनः पुष्टि गरेको छ । *रासस/एएनआई*

# ट्रम्पद्वारा ‘प्रतिभाशाली’ सीको प्रशंसा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो आगामी दक्षिण कोरिया भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग हुने भेटअघि चीनप्रति लामो समयदेखि रहेको कठोर धारणा नरम पार्दै सीलाई ‘उत्कृष्ट र प्रतिभाशाली व्यक्ति’ का रूपमा वर्णन गरेका छन् । सन् २०१९ पछि उनीहरूको यो पहिलो प्रत्यक्ष भेट हुने छ ।



ट्रम्पले फक्स न्युजसँगको अन्तर्वार्तामा भने, ‘उहाँ एक अर्ब ४० करोड जनतालाई कठोरतापूर्वक चलाउनुहुन्छ-स्मार्ट, प्रतिभाशाली, असाधारण व्यक्ति । हलिउडमा पनि उहाँको जस्तो कोही छैन ।’ चीनमाथि कठोर बयानबाजीका बीच उनले यसरी प्रशंसा गर्नुलाई विश्लेषकहरूले वासिङ्टनको परम्परागत चीनप्रतिको दृष्टिकोणमा परिवर्तनको संकेतका रूपमा व्याख्या गरेका छन् । ट्रम्प र सीबीचको वार्ताको एजेण्डामा व्यापार मुख्य विषय हुने छ ।

हालै क्वालालम्पुरमा भएको वार्तापछि दुवै पक्षले व्यापार सम्झौता नजिकिएको संकेत दिएका छन् । तर विश्लेषकहरूले दीर्घकालीन सहमतिको सम्भावनामा शंका प्रकट गरेका छन् ।

पूर्वराष्ट्रपति बराक ओबामाका चीन सल्लाहकार रायन हास भन्छन्, ‘ट्रम्पले सम्झौता खोजिरहनुभएको छ, तर अमेरिकी नोकरशाही अझै बेइजिङप्रतिको प्रतिरोधमा केन्द्रित छ ।’ उनका अनुसार चीन संयुक्त राज्य अमेरिकासँग बराबरीको साझेदारी नभई, आफ्नै प्रभाव क्षेत्र विस्तारमा बढी रुचि राख्छ ।

सन् २०१९ मा ट्रम्पले चीनसँग गरेको ऐतिहासिक व्यापार सम्झौताले दुई खर्ब अमेरिकी डलरबराबरको अमेरिकी निर्यात वृद्धि गर्ने अपेक्षा गरिएको थियो, तर कोभिड-१९ महामारीपछि त्यो असफल भयो । त्यसपछि ट्रम्पले महामारीलाई ‘चिनियाँ भाइरस’ भन्दै तीव्र असन्तोष प्रकट गरेका थिए ।

जो बाइडेन प्रशासनले पनि चीनमाथि संवेदनशील प्रविधि प्रतिबन्धलगायत दबाब कायम राखेको थियो, यद्यपि सीमित सहकार्यका लागि द्विपक्षीय संवाद पनि जारी छ । स्टिम्सन सेन्टरकी विश्लेषक युन सन भन्छिन्, ‘चिनियाँहरूलाई ट्रम्पको शैली मन नपरे पनि उनीहरू उहाँलाई व्यावहारिक सम्झौतामा सक्षम व्यक्ति ठान्छन् । उनीहरूलाई लाग्छ, ट्रम्प धेरै मुद्दामा बाइडेन प्रशासनभन्दा बढी लचिलो हुन सक्नुहुन्छ ।’

यसैबीच, विदेश नीति विश्लेषक हेनरिएटा लेभिनका अनुसार ट्रम्पको असामान्य वार्ता शैलीका कारण राष्ट्रपति सी ताइवानसम्बन्धी छलफलमा उनको प्रतिक्रिया कस्तो हुने छ भन्नेमा अनिश्चित छन् । उनले भने, ‘ट्रम्पले रणनीतिक विषयहरूलाई आर्थिक र राजनीतिक मुद्दासँग सीधा जोड्ने प्रवृत्ति राख्नुहुन्छ, जसले चीनलाई अवसर र चुनौती दुवै दिन सक्छ ।’

चीनले ताइवानमा अमेरिकी हतियार बिक्रीको कडा विरोध गर्दै आएको छ र अमेरिकाले ‘ताइवानको स्वतन्त्रताको समर्थन गर्दैन’ भन्ने स्पष्ट वचन खोजिरहेको बताइएको छ । तर अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भने, ‘संयुक्त राज्य अमेरिका कुनै पनि व्यापार सम्झौताका नाममा ताइवानबाट टाढा जाने छैन’ भन्दै बेइजिङप्रतिको कडा नीति दोहोऱ्याएका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३७००० | प्रति तोला – ० | प्रति तोला – २९२० |



**धान भित्र्याउने चटारो** | नुवाकोटको विदुर नगरपालिका–४ का किसानहरू मंगलबार वर्षातको बाबजुद पनि धान चुट्न व्यस्त । चाडपर्वका कारण पाकेको धान भित्र्याउन ढिलो भएपछि वर्षा भइरहेकै अवस्थामा धान चुट्न बाध्य भएका हुन् । *तस्बिरः रामहरि न्यौपाने/रासस*

## नेपालको नवीकरणीय ऊर्जामा लगानी गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं** – ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले नेपालको जलविद्युत एवम् सौर्य जस्ता नवीकरणीय ऊर्जामा लगानी गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेका छन् ।

नेपालको स्वच्छ ऊर्जाको यात्रा नयाँ युगतर्फ प्रवेश गर्ने महत्त्वपूर्ण मोडमा पुगेको उल्लेख गर्दै मन्त्री घिसिङले आह्वान गरे । उनले भने, 'जलविद्युतको अपार सम्भावना, बढ्दो सौर्य ऊर्जा क्षमता र विस्तार हुँदै गएको अन्तरदेशीय प्रसारण लाइन तथा ऊर्जा सम्बन्धकासाथ हामीसँग क्षेत्रलाई दिगो रूपमा ऊर्जायुक्त बनाउन सक्ने सम्भावना छ, म हाम्रा मित्र राष्ट्रहरू र साझेदारहरूलाई निम्तो दिन्छु–नेपालमा लगानी गर्नुहोस्, नवीकरणीय ऊर्जामा लगानी गर्नुहोस् र सबैका लागि उज्यालो र



हरित भविष्यको हिस्सा बन्नुहोस् ।'

बृहत् स्तरको स्वच्छ ऊर्जा रूपान्तरणका लागि क्षेत्रीय तथा विश्व अन्तरआवद्धताको परिकल्पनाबारे सभाको विषयगत सत्रमा विशाल ऊर्जा सम्भावनाको दिगो विकास र त्रिपक्षीय विद्युत् व्यापार (नेपाल-भारत-बङ्गलादेश) का लागि मार्गचित्र विषयमा मुख्य/विशेष वक्ताको रूपमा मङ्गलबार सम्बोधन गर्दै मन्त्री घिसिङले नेपालको जलविद्युत दक्षिण एसियाकै स्वच्छ ऊर्जा रूपान्तरणको रणनीतिक सक्षमकर्ता स्रोतको रूपमा रहेको बताए । उनले नेपालको जलविद्युत यस क्षेत्रको लचिलो तथा स्थिर ग्रिडका लागि महत्त्वपूर्ण स्रोत रहेको बताए ।

जलविद्युत उत्पादन देशको विकासलाई मात्र नभई दक्षिण एसियाकै स्वच्छ तथा हरित ऊर्जा प्रमुख निर्यातकर्ता बन्ने नेपालको भिजन रहेको उल्लेख गर्दै घिसिङले सन् २०३५ सम्ममा १५ हजार मेगावाट नवीकरणीय ऊर्जा निर्यातको लक्ष्यसहित नेपाल र भारतले संयुक्त रूपमा उच्च क्षमताका प्रसारण लाइन पूर्वाधार पहिचान गरी निर्माणका काम भइरहेको बताए ।

झण्डै ८३ हजार मेगावाट जलविद्युत् सम्भावना र करिब ४२ हजार मेगावाट पम्प स्टोरेज जलविद्युत सम्भावनाले सम्पन्न ऊर्जाका स्रोत स्वच्छ, नवीकरणीय र नेपालका छिमेकी देशहरूको सौर्य तथा वायु ऊर्जासँग उत्कृष्ट रूपमा परिपूरक रहेको उनले उल्लेख गरे ।

## पहिलो त्रैमासमा ३५ अर्बभन्दा बढी विदेशी लगानीको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं** – चालु आर्थिक वर्षको पहिलो तीन महिनामा नेपालमा ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार रूपैयाँ बराबरको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) प्रतिबद्धता दर्ता भएको छ । उद्योग विभागका अनुसार यो अवधिमा ३११ उद्योगले विदेशी लगानीको प्रतिवद्धता जनाएका छन् ।

असोज महिनामा मात्रै ७५ उद्योगले २ अर्ब ४ करोड ५७ लाख रूपैयाँ बराबरको लगानी प्रतिबद्धता गरेका छन् । विभागका अनुसार पहिलो त्रैमासमा अटोमेटिक रुटमार्फत १९७ उद्योगले ३३ अर्ब २७ करोड ४८ लाख रूपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ भने अप्रुभल रुटमार्फत ११४ उद्योगले १ अर्ब ८६ करोड २९ लाख रूपैयाँ बराबरको लगानी दर्ता गरेको छ ।

क्षेत्रगत विवरण अनुसार विदेशी लगानीको ७१ प्रतिशत पर्यटन, १० प्रतिशत उत्पादन, ९ प्रतिशत सेवा, ८ प्रतिशत सूचना प्रविधि र २ प्रतिशत कृषि क्षेत्रमा परेको छ । तर खनिज, पूर्वाधार र ऊर्जा क्षेत्रमा विदेशी लगानी प्रायः शून्य रहेको विभागले जनाएको छ ।

यसैबीच, विभागले ३८ करोड २२ लाख ५४ हजार रूपैयाँ बराबरको रोयल्टी फिर्ता लैजान अनुमति दिएको छ । त्यस्तै, ८ हजार ५ सय २१ अमेरिकी डलर, ५९ लाख १४ हजार ३४४ भारतीय रूपैयाँ र १० हजार २ सय युरो बराबरको रोयल्टी फिर्ता स्वीकृत गरिएको छ ।

उद्योग विभागका अधिकारीहरूले विदेशी लगानीको ठूलो हिस्सा पर्यटन क्षेत्रमा केन्द्रित हुनु अर्थतन्त्रको विविधीकरणमा चुनौती बन्न सक्ने बताएका छन् ।

## ६२ अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)**– मंगलबार सेयर बजार ६२.२९ अंक बढेको छ । सो वृद्धिपछि नेप्से परिसूचक २५७१ अंकमा कायम भएको छ । कारोबार खुलेको केही मिनेट बजार रातो देखिए पनि १० मिनेटपछि दिनभर हरियो रह्यो । कारोबार रकममा पनि उच्च वृद्धि भएको छ । अघिल्लो दिन आइतबार जम्मा २ अर्ब ७९ करोडको कारोबार भएकोमा आज ४ अर्ब ५७ करोडको भयो । २३६ कम्पनीको मूल्य बढ्दा १२ को घट्यो भने २ को स्थिर रह्यो ।

विकास बैंक समूह सबैभन्दा धेरै ४.४७ प्रतिशत बढ्यो । बैंकिङ १.९२, फाइनान्स ३.१४, होटल तथा पर्यटन २.८०, हाइड्रोपावर ३.९०, लगानी ३.१९, जीवन बीमा ३.५५, उत्पादन तथा प्रशोधन ०.३७, माइक्रोफाइनान्स २.५९, निर्जीवन बीमा २.५४ र अन्य समूह १.९१ प्रतिशत बढे ।

तीन कम्पनीको मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत बढ्नेमा न्यादी हाइड्रोपावर, बुटवल पावर र एक्सल डेभलपमेन्ट बैंक छन् । राधि विद्युतका् ९.६०, लुम्बिनी विकास बैंकको ९.३५, सिंगटी हाइड्रो इनर्जीको ८.२१, फर्स्ट माइक्रोफाइनान्सको ८.१२ प्रतिशत मूल्य बढ्यो ।

हिमालयन पावर पार्टनरको मूल्य सबैभन्दा धेरै ६.३६ प्रतिशत घट्यो । युनिलिभरको ३.८८, बोटलर्स नेपाल बालाजुको ३.७७ प्रतिशत घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा हिमालयन पावर पार्टनर, युनियन हाइड्रोपावर, राधि विद्युत, बुटवल पावर र एनआरएन इन्फ्रास्ट्रक्चर छन् ।

## पर्यटक लोभ्याउँदै मानुङकोट

**दमौली (तनहुँ)**– 'सामाजिक सञ्जालमा मानुङकोटका दृश्य देखेका थियौँ, आज प्रत्यक्ष आँखाले हेर्दा झनै मनमोहक लाग्यो', पोखराकी लक्ष्मी कार्कीले भनिन्, 'यहाँबाट देखिने सूर्योदय, हिमशृंखलाले लोभ्यायो ।' पोखराबाट सोमबार बिहान २:०० बजे गाडी भाडामा लिएर व्यास नगरपालिका-५ मानुङकोट आएकी उनले मानुङकोटको सुन्दरता टिकटक र फेसबुकमा हेरेभन्दा अझ राम्रो लागेको उल्लेख गरिन् । उनले भनिन्, 'मानुङकोटका बारेमा धेरै सुनेका थियौँ, साथीहरूसँग सल्लाह गरेर चार जना मिलेर आएका हौँ ।'

काठमाडौँबाट आएकी लुनिभा श्रेष्ठले मानुङकोटको सुन्दरताले मोहनी लगाउने धारणा राखिन् । उनले भनिन्, 'आउन मन भए पनि पहिला विविध कारणले आउन सकिराखेकी थिइँन, अहिले तिहार बिदाका कारण यहाँ आउने वातावरण जुऱ्यो, दृश्यले लोभ्यायो ।' दमौलीका सुदीप गफ्फारले यतिबेला मानुङकोटमा पर्यटकको अत्यधिक चहलपहल भएकाले होटल व्यवसायीसँग पहिल्यै सम्पर्क गरेर आउनुपर्ने अवस्था रहेको बताए ।

चिसो मौसम सुरु भएसँगै मानुङकोटमा यतिबेला दैनिक पर्यटकको चहलपहल बढेको छ । हाल दैनिक एक हजारभन्दा



बढी पर्यटक मानुङकोट पुग्ने गरेका छन् । सोमबार बिहान करिब दुई हजार पर्यटकले मानुङकोटबाट दृश्यावलोकन गरेका छन् ।

मानुङकोटस्थित अम्ब्रेला रेष्टुराँका सञ्चालक शैलेश सुनामले यतिबेला मानुङकोटमा पर्यटकको सिजन रहेको जानकारी दिँदै दसैं तिहारसँगै पर्यटकको चहलपहल बाक्लिएको बताए । चिसो मौसममा सूर्योदय, कुहिरो, सूर्यास्तले यहाँ आउने पर्यटक लोभिने गरेको उनको भनाइ छ ।

उनले भने, 'अहिलेका बेला भनेको पर्यटकको चाप हुने समय हो, पहिल्यै आफ्नो बस्ने स्थान सुरक्षित गरेर आउँदा सहज हुन्छ । हामीले प्रतिव्यक्ति रु एक हजार २०० मा रातको बास, खाना र बिहानको नास्ता उपलब्ध गराइरहेका छौँ ।' उनले आफ्नो रेष्टुराँमा दैनिक ७० जना बास बस्ने क्षमता रहेको जानकारी गराए ।

मानुङकोटमा पर्यटक उक्लिनेक्रम बढेपछि यहाँ होटल खुल्नेक्रम बढेको छ । विगतमा होटल नरहेको यस ठाउँमा अहिले एक दर्जन सञ्चालनमा छन् । दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ हालेको छ । रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ ।

मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षि वेदव्यासका पिता परासर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ ।

मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनःमानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन् । खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्यांकरको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ ।

मानुङकोट जाने सडक कालोपत्र भइसकेको छ । सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको हो । अलैंचेबाट मानुङकोटसम्मको चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो । कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको व्यास नगरपालिका कार्यालयले जनाएको छ । *रासस*

## धान भित्र्याउने बेलाको वर्षाले समस्या

**तानसेन (पाल्पा)** – घर भित्र्याउन ठिक्क पारिएको धान वर्षाले बिगारेपछि यहाँका किसान चिन्तित बनेका छन् । मानो रोपी फलाएको मुरी भित्र्याउने बेला काटेका धान स्याहार्न नपाउँदै पानी परेपछि समस्या भएको छ । यहाँका विभिन्न फाँटमा पाकेका धान किसानले तिहारपर्व मनाएपछि काटेर खेतमै राखेका थिए, तर भित्र्याउन नपाउँदै पानी पऱ्यो । दिउँसो काटेको बाली राति परेको पानीले बर्बाद बनाएको माडीफाँटका किसान विक्रम कुमालले सुनाए ।

खहरेकी तारा रायमाझीले पनि खेतमा थुप्रो बनाएर राखिएको धान वर्षाका कारण भित्र्याउन नपाएको बताइन् । 'बुधबार धान स्याहार्ने योजना बनाउनुभएको थिए । आज बिहानदेखि परेको पानीले भिजेको छ । तीन दिनपछि मात्रै पानी आएको भए पनि धान भित्र्याइसक्थैँ', उनले भनिन् ।

यस्तै, अर्गलीका भीम खनालको घर आँगनमा थुपारेको धान पनि भिजेर समस्या भएको छ । 'सोमबार अलिकति धान स्याहारेका थियौँ, बाँकी मंगलबारलाई राखेका थियौँ, पानी आइहाल्यो', उनले भने, 'पानी परेकाले धान स्याहार्न नसकिएको हो, आज आँगन भिजेको छ ।' पोखराथोककी मीना कुमालले अधियाँ गरेको जमिनमा मजदुर लगाएर रोपाइँ गरेकी थिइन् तर भित्र्याउने बेला पानीले क्षति पुऱ्याएपछि उनी चिन्तित छिन् । 'धान स्याहारेर वर्षभरिको जोहो गर्ने र बचेको धान बेचेर केटाकेटीको पढाइलगायत अन्य काममा खर्च गर्छु भन्ने सोच बनाएकी थिएँ, बेमौसमी वर्षाले सबै सपना चकनाचुर पारिदियो', कुमालले भनिन्, 'दुःख गरेर फसल उब्जाए पनि स्याहार्न पाइँदैन, आफ्नो जग्गा छैन् । ठेक्कामा लिएर काम गरे पनि प्रकृतिले ठग्छ । काटेर खेतमा राखेको धान खेतमै पानीले भिजायो ।'

बाली भित्र्याउने बेला पानीले क्षति पुऱ्याएपछि यहाँका अधिकांश किसान चिन्तित बनेका छन् । कतिपय किसानले तिहारअघि र कतिपयले पछि पाल्पाको रामपुर, माडी, झडेवा, कचल, पूर्वखोला, अर्गली, गेझालगायतका फाँटमा पाकेका धान भित्र्याउँदै थिए । केहीले पानी पर्ने भन्दै हतारहतारमा धान काटे, तर बिहानैदेखि परेको वर्षाका कारण काटेको धानबालीमा क्षति पुग्यो ।

कृषि ज्ञान केन्द्रकी प्रमुख अमिता पाण्डेले जिल्लामा हालसम्म आठ प्रतिशत धान काटिसकिएको र वर्षा जारी रहेका कारण क्षतिको विवरण आइनसकेको बताइन् । उनले जिल्लाका १० वटै पालिकाका कृषि इकाइमार्फत क्षति विवरण संकलनका लागि आग्रह गरिएको बताइन् ।

केन्द्र प्रमुख पाण्डेले भनिन्, 'स्थानीय तहले पहिलेदेखि नै पानी पर्ने सूचना गरेकाले ठूलो क्षति हुनबाट भने बचेको छ । के कति क्षति भयो भनेर जिल्लाका सबै पालिकाबाट विवरण सङ्कलन भएपछि विवरण सार्वजनिक गर्नेछौँ ।' *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ